ऋणपत्र दर्ता तथा निष्काशन नियमावली, २०८३

<u>प्रस्तावना</u> : धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई बोर्डले देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "ऋणपत्र दर्ता तथा निष्काशन नियमावली, २०८३" रहेको छ ।

(२) यो नियमावली बोर्डले सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "अन्तर्राष्ट्रिय वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी परिच्छेद-७ बमोजिम नेपालमा ऋणपत्र जारी गर्न योग्य अन्तर्राष्ट्रिय वित्तीय संस्था सम्झनु पर्छ।

(ख) "आवधिक निष्काशन" भन्नाले सार्वजनिक निष्काशनमार्फत निश्चित अवधिभित्र एकभन्दा बढी किस्तामा आवधिक विवरण र आवधिक विवरणपत्र प्रकाशन गरी जारी गरिएको ऋणपत्रको निष्काशन सम्झनु पर्छ।

(ग) "आवधिक विवरणपत्र" भन्नाले सार्वजनिक निष्काशन मार्फत एकभन्दा बढी किस्तामा ऋणपत्र जारी गर्नु अघि सङ्गठित संस्थाले नियम १३ को उपनियम (२) बमोजिम पेस गरेको दस्तावेज सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ।

(ङ) "ऋणपत्र" भन्नाले यस नियमावली बमोजिम सङ्गठित संस्थाले आफ्नो सम्पत्तिमा सुरक्षण सृजना गरी वा नगरी जारी गरेको ऋणलाई पुष्टि गर्ने डिबेन्चर, बण्ड वा अन्य कुनै उपकरण सम्झनु पर्छ।

(च) "ऋणपत्र ट्रष्टी" भन्नाले परिच्छेद-६ बमोजिम बोर्डबाट ऋणपत्र ट्रष्टीको रूपमा काम गर्नको लागि अनुमतिपत्रप्राप्त संस्था सम्झनु पर्छ।

(छ) "ऋणपत्र ट्रष्टी सम्झौता" भन्नाले लगानीकर्ताहरूको हित संरक्षणको लागि ट्रष्टीका अधिकार, कर्तव्य र दायित्वहरूलाई निर्दिष्ट गर्ने गरी सङ्गठित संस्था र ऋणपत्र ट्रष्टीबीच भएको सम्झौता सम्झनु पर्छ।

(ज) “परिपत्र विधि” भन्नाले सार्वजनिक निष्काशन नगरी चिठ्ठीपत्र, फोन सम्पर्क, एस.एम.एस. वा कुनै विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी सङ्गठित संस्थाले निश्चित योग्य लगानीकर्ताहरूलाई लक्षित गरी ऋणपत्र खरिद गर्नका लागि परिच्छेद-३ बमोजिम गरेको प्रस्ताव वा आह्वान सम्झनु पर्छ।

(झ) “परिपत्र विवरण” भन्नाले नियम ५ को उपनियम (४) बमोजिम परिपत्र विधि मार्फत ऋणपत्र जारी गर्नको लागि गरिएको प्रस्ताव सम्बन्धी दस्तावेज सम्झनु पर्छ।

(ञ) “बोर्ड” भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(ट) “योग्य लगानीकर्ता” भन्नाले नियम ५ को उपनियम (२) बमोजिमको लगानीकर्ता सम्झनु पर्छ।

(ठ) “विदेशी लगानीकर्ता” भन्नाले नियम ५ को उपनियम (२) को खण्ड (ड), (ढ) र (ण) बमोजिमको विदेशी प्राकृतिक व्यक्ति वा विदेशी सङ्गठित संस्था सम्झनु पर्छ।

(ड) “विवरणपत्र” भन्नाले नियम १३ को उपनियम (१) बमोजिम सार्वजनिक निष्काशन मार्फत एकै किस्तामा जारी गर्ने गरी ऋणपत्र खरिद गर्नका लागि गरिएको प्रस्ताव सम्बन्धी दस्तावेज सम्झनु पर्छ।

(ढ) “सार्वजनिक निष्काशन” भन्नाले सङ्गठित संस्थाको ऋणपत्र खरिद गर्न सर्वसाधारणका लागि गरिएको प्रस्ताव वा आह्वान सम्झनु पर्छ।

परिच्छेद-२

ऋणपत्रको दर्ता तथा निष्काशन

३. **ऋणपत्र दर्ता तथा निष्काशन गर्ने सक्ने अवस्थाः** (१) यस नियमावली बमोजिम ऋणपत्र निष्काशन गर्न चाहने सङ्गठित संस्थाले देहायको अवस्था पूरा गरेको हुनुपर्नेछः-

(क) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको,

(ख) लेखा परिक्षण भएको वित्तीय विवरण साधारण सभाबाट पारित भएको,

(ग) सङ्गठित संस्थाको सञ्चालक तथा आधारभूत शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको,

(घ) ऋणपत्रको निष्काशनका लागि रेटिङ्ग गरेको,

(ङ) ऋणपत्र निष्काशनका लागि बोर्डबाट अनुमतिपत्र प्राप्त ऋणपत्र ट्रष्टीसँग सम्झौता गरेको,

(च) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको,

(छ) सम्बन्धित नियमन निकायबाट ऋणपत्र निष्काशनका लागि स्वीकृति दिएको वा सहमति लिनुपर्ने भए त्यस्तो स्वीकृति वा सहमति प्राप्त गरेको,

(ज) संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको,

(झ) सङ्गठित संस्थाको चुक्ता पूँजी कम्तिमा रू. एक अर्ब कायम भएको,

(ञ) सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा संचालकलाई बोर्डले धितोपत्र सम्बन्धी कुनै कसूरमा कारवाही गरेको भएमा सो कारवाही भुक्तान भएको तीन वर्ष पूरा भएको,

(ट) सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा संचालक कुनै नियामक निकायको कारवाही वा फौजदारी कसुरमा सजायमा परेको अवधि कायम नरहेको,

(ठ) बोर्डले लगाएको कुनै पनि जरिवाना भुक्तान गर्न बाँकी नरहेको,

(ड) सङ्गठित संस्थाले यसअघि कुनै ऋण लिएको भए सो ऋणको ब्याज/साँवा भुक्तानीमा पछिल्लो एक वर्षमा निरन्तर भुक्तानी भएको,

(ढ) यसअघि कुनै ऋणपत्र जारी भएको भए सो ऋणपत्रसँग सम्बन्धित शर्त, दायित्व वा अन्य परिपालनाका विषयहरू उल्लंघन नभएको।

(२) बैक वित्तीय संस्था, बीमा कम्पनी वा विशेष ऐन अन्तर्गत स्थापित संस्था बाहेक अन्य सङ्गठित संस्थाले सुरक्षित ऋणपत्रमात्र निष्काशन गर्न सक्नेछ।

(३) यस नियमावली बमोजिम ऋणपत्र जारी गर्दा सङ्गठित संस्थाको ऋण र पूँजीको अनुपात ७०:३० भन्दा बढी हुने छैन।

परिच्छेद-३

परिपत्र विधिमार्फत ऋणपत्रको दर्ता तथा निष्काशन

४. **परिपत्र विधिमार्फत जारी गरिने ऋणपत्रको दर्ता**: (१) यस नियमावली बमोजिम परिपत्र विधिमार्फत ऋणपत्र जारी गर्न चाहने सङ्गठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिई ऋणपत्र दर्ता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पेस गर्दा सङ्गठित संस्थाले देहायका कागजातहरूको प्रतिलिपि संलग्न गर्नुपर्नेछ :-

(क) सङ्गठित संस्थाको अद्यावधिक प्रबन्धपत्र र नियमावली वा विशेष कानून बमोजिम संस्थापना वा स्थापना भएको सङ्गठित संस्थाको हकमा त्यस्तो कानूनको जानकारी,

(ख) ऋणपत्र दर्ता तथा जारी गर्ने सम्बन्धमा वार्षिक साधारण सभाको निर्णय वा सङ्गठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा ऋणपत्र जारी गर्न निर्णय गर्न सक्ने अधिकार सो संस्थाको सञ्चालक समितिलाई भएमा त्यस्तो निर्णय र आवश्यक संस्थागत अख्तियारी,

(ग) सङ्गठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,

(घ) निवेदन पेस गर्दा सङ्गठित संस्थाले कुनै ऋणपत्र जारी गरिसकेको भए त्यस्तो ऋणपत्रको ऋणपत्र ट्रष्टीको स्वीकृति पत्र,

(घ) अनुसूची-२ मा तोकिए बमोजिमको निवेदन तथा दर्ता दस्तुर बुझाएको प्रमाण।

(३) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा त्यसरी निवेदन प्राप्त भएको सात कार्य दिन भित्र बोर्डले अनुसूची-३ बमोजिमको दर्ता किताबमा त्यस्तो सङ्गठित संस्थाको ऋणपत्र दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र सङ्गठित संस्थालाई दिनेछ।

५. <u>परिपत्र विधिमार्फत ऋणपत्र खरिद गर्न प्रस्ताव गर्ने</u>: (१) सङ्गठित संस्थाले बढीमा पचास जना सम्म योग्य लगानीकर्ताहरूलाई लक्षित गरी कुनै पनि सामाजिक सञ्जालमा घोषणा वा त्यस्तै अन्य आव्हान लगायत कुनै पनि प्रकारको सार्वजनिक घोषणा, विज्ञापन वा मार्केटिङ बाहेक चिठ्ठीपत्र, फोन सम्पर्क, एस.एम.एस. वा कुनै विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी नियम ४ बमोजिम दर्ता भएको ऋणपत्र बिक्रीका लागि प्रस्ताव राखी परिपत्र विधिमार्फत ऋणपत्र जारी गर्न सक्नेछ।

(२) सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको ऋणपत्र देहायका योग्य लगानीकर्तालाई प्रस्ताव गरी निष्काशन गर्न सक्नेछः-

(क) सूचीकृत सङ्गठित संस्था,

(ख) विशेष ऐनद्वारा संस्थापित वित्तीय संस्था,

(ग) सामूहिक लगानी कोष व्यवस्थापक,

(घ) सामूहिक लगानी कोष योजना,

(ङ) मर्चेन्ट बैङ्कर,

(च) प्रचलित कानून बमोजिम स्थापित अवकाश कोष तथा कल्याणकारी कोष

(छ) कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष

(ज) बीमा कम्पनी,

(झ) बैङ्क तथा वित्तीय संस्था,

(ञ) बोर्डबाट अनुमतिपत्रप्राप्त धितोपत्र दलाल, धितोपत्र व्यापारी, निष्काशन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापक, लगानी परामर्शकर्ता तथा बजार निर्माता,

(ट) प्रचलित कानून बमोजिम संस्थापित विश्वविद्यालय,

(ठ) पछिल्लो वार्षिक वित्तीय विवरणमा उल्लेख भए बमोजिम कम्तिमा पचास करोड रूपैंया (वा खण्ड (ड) बमोजिमको विदेशी सङ्गठित संस्थाको हकमा सोही रकम बराबरको विदेशी मुद्रा) पूँजी र वितरणयोग्य जगेडा भएको पब्लिक वा प्राइभेट कम्पनी,

(ड) खण्ड (क) देखि (ठ) मा उल्लिखित संस्थाको रूपमा विदेशी कानून बमोजिम विदेशमा संस्थापना भई सञ्चालनमा रहेको विदेशी संस्था,

(ढ) विदेशी सरकार वा द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ताहरू वा विकास वित्त संस्था,

(ण) कम्तिमा एक करोड रूपैयाँ लगानी गर्ने नेपाली वा विदेशी प्राकृतिक व्यक्ति,

(त) बोर्डले समय समयमा तोकेका अन्य लगानीकर्ताहरू।

(३) उपनियम (१) बमोजिम जारी गरिएको ऋणपत्रको अवधि संस्थाले निर्धारण गरे बमोजिम हुनेछ।

(४) सङ्गठित संस्थाले उपनियम (१) बमोजिम ऋणपत्र जारी गर्नु पूर्व लक्षित योग्य लगानीकर्ताहरूलाई परिपत्र विवरण प्रदान गर्नुपर्नेछ र त्यस्तो परिपत्र विवरणमा अनुसूची-**५** बमोजिमको विवरण तथा सङ्गठित संस्थाले निर्धारण गरे बमोजिमको अन्य विवरणहरू उल्लेख गर्न सक्नेछ।

६. **<u>परिपत्र विधिमार्फत ऋणपत्र बाँडफाँड गर्नुअघि पुरा गर्नुपर्ने शर्तहरू</u>:** नियम ५ बमोजिम ऋणपत्र खरिद गर्न प्रस्ताव गर्दा सङ्गठित संस्थाले देहायका शर्तहरू पुरा गरेको हुनुपर्नेछः-

(क) सङ्गठित संस्थाले छनौट गरेको विदेशी लगानीकर्ता बाहेक अन्य लगानीकर्ताहरू योग्य लगानीकर्ता भएको भनि निष्काशन तथा बिक्री प्रबन्धकद्धारा यकिन गराई सो सम्बन्धमा पत्र लिएको,

(ख) विदेशी लगानीकर्ताको हकमा त्यस्तो विदेशी लगानीकर्ताले प्रचलित कानून बमोजिम विदेशी लगानी स्वीकृती प्राप्त गरेको।

७. **<u>परिपत्र विधिमार्फत जारी गरिने ऋणपत्रको बाँडफाँड</u>:** (१) सङ्गठित संस्थाले परिपत्र विधि मार्फत जारी गरेको ऋणपत्र खरिदको लागि छनौट भएका योग्य लगानीकर्ताहरूलाई सङ्गठित संस्था र उक्त छनौट भएका योग्य लगानीकर्ताबीच भएको सम्झौतामा उल्लिखित अवधिभित्र र सङ्ख्यामा नियम ५ मा प्रस्ताव गरे बमोजिम ऋणपत्र जारी गरी बाँडफाँड गर्नुपर्नेछ।

(२) सङ्गठित संस्थाले उपनियम (१) बमोजिम ऋणपत्र बाँडफाँड गरेको मितिले सात कार्य दिनभित्र सम्बन्धित लगानीकर्ताहरूलाई ऋणपत्रको प्रमाणपत्र जारी गर्नुपर्नेछ।

तर त्यस्तो ऋणपत्र धितोपत्रको प्रचलित कानुन बमोजिम सम्बन्धित धितोपत्र बजारमा सूचीकृत गरिने भएमा ऋणपत्र अभौतिक रूपमा रहनेछ। ऋणपत्रको अभौतिकिकरण सम्बन्धी प्रक्रिया धितोपत्र सम्बन्धि प्रचलित कानून बमोजिम हुनेछ।

(३) सङ्गठित संस्थाले उपनियम (१) बमोजिम ऋणपत्र बाँडफाँड गरे पश्चात तीन कार्य दिन भित्र बोर्डलाई सोको जानकारी गराउनुपर्नेछ।

परिच्छेद-४

<u>सार्वजनिक निष्काशन मार्फत ऋणपत्रको दर्ता तथा निष्काशन</u>

८. **<u>सार्वजनिक निष्काशन गरिने ऋणपत्र दर्ता गराउन निवेदन दिनु पर्ने</u>**: (१) यस नियमावली बमोजिम सार्वजनिक निष्काशनमार्फत ऋणपत्र जारी गर्न चाहने सङ्गठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिई ऋणपत्र दर्ता गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन दिँदा सङ्गठित संस्थाले देहायका कागजातहरू संलग्न गर्नुपर्नेछ :-

(क) सङ्गठित संस्थाको अद्यावधिक प्रबन्धपत्र र नियमावली वा विशेष कानून बमोजिम संस्थापना वा स्थापना भएको सङ्गठित संस्थाको हकमा त्यस्तो कानूनको जानकारी,

(ख) ऋणपत्र दर्ता तथा जारी गर्ने सम्बन्धमा वार्षिक साधारण सभाको निर्णय वा सङ्गठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा ऋणपत्र जारी गर्न निर्णय गर्न सक्ने अधिकार सो संस्थाको सञ्चालक समितिलाई भएमा त्यस्तो निर्णय र आवश्यक संस्थागत अख्तियारी,

(ग) सङ्गठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,

(घ) निवेदन पेस गर्दा सङ्गठित संस्थाले कुनै ऋणपत्र जारी गरिसकेको भए त्यस्तो ऋणपत्रको ऋणपत्र ट्रष्टीको स्वीकृति पत्र,

(ङ) अनुसूची-२ बमोजिमको निवेदन दस्तुर बुझाएको प्रमाण।

९. **सार्वजनिक निष्काशन गरिने ऋणपत्र दर्ता गर्ने**: (१) नियम ८ बमोजिम ऋणपत्र दर्ताको लागि निवेदन प्राप्त भएमा बोर्डले आवश्यक जाँचबुझ गरी निवेदन प्राप्त गरेको मितिले सात कार्य दिनभित्र सङ्गठित संस्थालाई अनुसूची-२ बमोजिमको दर्ता दस्तुर बुझाउन जानकारी दिनेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएमा सङ्गठित संस्थाले बोर्ड समक्ष दर्ता दस्तुर बुझाएको प्रमाण पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दस्तुर बुझाएको प्रमाण पेस भएको सात कार्य दिन भित्र बोर्डले अनुसूची-३ बमोजिमको दर्ता किताबमा त्यस्तो सङ्गठित संस्थाको ऋणपत्र दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा सङ्गठित संस्थालाई दर्ता प्रमाणपत्र दिनेछ।

१०. **ऋणपत्रको सार्वजनिक निष्काशन**: (१) सङ्गठित संस्थाले नियम ९ बमोजिम बोर्डमा दर्ता गरिएका ऋणपत्र एक वा एकभन्दा बढी किस्तामा सार्वजनिक निष्काशन गरी जारी गर्न सक्नेछ।

(२) सङ्गठित संस्थाले उपनियम (१) बमोजिम ऋणपत्र जारी गर्ने सम्बन्धी सम्पूर्ण सूचना तथा जानकारी सार्वजनिक रूपमा दिनुपर्नेछ र त्यसी सूचना सार्वजनिक गर्दा सङ्गठित संस्थाको अन्य वस्तु वा सेवाको प्रचार प्रसार सम्बन्धी कार्य गर्न पाइने छैन।

(३) उपनियम (१) बमोजिम जारी गरिने ऋणपत्रको अवधि, ब्याजदर (कुपन), ऋणपत्रको सङ्ख्या तथा ऋणपत्रको प्रकार सङ्गठित संस्थाले निर्धारण गरे बमोजिम हुनेछ र सोसम्बन्धी विवरण नियम १४ बमोजिम स्वीकृत गरिने विवरणपत्र वा आवधिक विवरणपत्रमा उल्लेख गरिनेछ।

११. **अनुमतिपत्रप्राप्त निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गर्नुपर्ने**: ऋणपत्रको सार्वजनिक निष्काशनका लागि सङ्गठित संस्थाले अनुमतिपत्रप्राप्त निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गर्नुपर्नेछ।

१२. **क्रेडिट रेटिंङ्ग गराउनुपर्ने**: (१) ऋणपत्रको परिपत्र विधिमार्फत् विक्री वा सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाले अनुमतिपत्रप्राप्त क्रेडिट रेटिङ्ग संस्थाबाट क्रेडिट रेटिङ्ग गराउनु पर्नेछ।

(२) नियम १३ बमोजिम सङ्गठित संस्थाले विवरणपत्र वा आवधिक विवरणपत्र स्वीकृतिको लागि निवेदन पेस गर्दा क्रेडिट रेटिङ्ग भएको एक महिना व्यतित नहुँदै पेस गर्नु पर्नेछ।

(३) एक भन्दा बढी क्रेडिट रेटिङ्ग संस्थाबाट क्रेडिट रेटिङ्ग प्राप्त गरेमा त्यसरी प्राप्त गरेको सम्पूर्ण रेटिङ्ग, सङ्गठित संस्थाले विवरणपत्र वा आवधिक विवरणपत्रमा खुलाउनु पर्नेछ।

(४) ऋणपत्रको सार्वजनिक निष्काशन गर्नु अगावै सङ्गठित संस्थाको जोखिम विवरण (रिस्क प्रोफाईल) लाई प्रतिकुल प्रभाव पार्न सक्ने गरी कुनै सारभूत परिवर्तन भएमा सङ्गठित संस्थाले अनुमतिपत्रप्राप्त क्रेडिट रेटिङ्ग संस्थाबाट ऋणपत्रको क्रेडिट रेटिङ्ग अद्यावधिक गराउनु पर्नेछ।

(५) सङ्गठित संस्थाले ऋणपत्रको भुक्तानी अवधि सम्म त्यस्तो ऋणपत्रको क्रेडिट रेटिङ्गलाई वार्षिक रूपमा अद्यावधिक गराउनु पर्नेछ तथा ऋणपत्र वा सङ्गठित संस्थाको जोखिम विवरण (रिस्क प्रोफाईल) लाई प्रतिकुल प्रभाव पार्न सक्ने गरी सारभूत परिवर्तन भएको अवस्थामा समेत क्रेडिट रेटिङ्ग अद्यावधिक गराउनु पर्नेछ।

(६) उपनियम (४) र (५) बमोजिम अद्यावधिक भएको क्रेडिट रेटिङ्ग सङ्गठित संस्थाले बोर्ड समक्ष पेस गरी आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

१३. **<u>विवरणपत्र वा आवधिक विवरणपत्र स्वीकृतिको लागि निवेदन दिनु पर्ने</u>:** (१) यस परिच्छेद बमोजिम नियम १० को उपनियम (१) बमोजिम ऋणपत्रको सार्वजनिक निष्काशन गर्नुअघि सङ्गठित संस्थाले अनुसूची-७ बमोजिमको ढाँचामा विवरणपत्र तयार गरी स्वीकृतिका लागि बोर्ड समक्ष अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्नेछ।

(२) यस परिच्छेद बमोजिम एक भन्दा बढी किस्तामा जारी गरिने ऋणपत्रको सार्वजनिक निष्काशन गर्नुअघि सङ्गठित संस्थाले अनुसूची-७ बमोजिमको ढाँचामा आवधिक विवरणपत्र तयार गरी स्वीकृतिका लागि बोर्ड समक्ष अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिमको निवेदन र विवरणपत्र वा आवधिक विवरणपत्रका साथ सङ्गठित संस्थाले देहाय बमोजिमका कागजातहरू संलग्न गरी बोर्डमा पेस गर्नुपर्नेछः-

(क) धितोपत्र सम्बन्धि प्रचलित कानूनको पालना गरी विवरणपत्र वा आवधिक विवरणपत्र तयार गरिएको उद्घोषण गरी निष्काशन तथा बिक्री प्रबन्धकले दिएको डयू डेलीजेन्स प्रमाणपत्रको प्रतिलिपि,

(ख) सङ्गठित संस्थाले कानूनी वा वित्तीय सल्लाहकार वा दुबै नियुक्त गरी डयू डिलिजेन्स रिपोर्ट तयार गर्न लगाएको भए त्यस्तो डयू डिलिजेन्स रिपोर्टको प्रतिलिपि,

(ग) विवरणपत्र वा आवधिक विवरणपत्र स्वीकृत गरी त्यस्तो अन्तिम विवरणपत्र वा आवधिक विवरणपत्रमा हस्ताक्षर गर्न सङ्गठित संस्थाको सञ्चालक समितिको एक

सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत वा प्रबन्ध निर्देशकलाई अख्तियारी दिने सम्बन्धमा सङ्गठित संस्थाको सञ्चालक समितिबाट भएको निर्णय वा आवश्यक संस्थागत अख्तियारी,

(घ) अनुसूची-२ बमोजिमको प्रशोधन दस्तुर बुझाएको प्रमाण, र

(ङ) नियम ८ को उपनियम (२) बमोजिम बोर्ड समक्ष पेस गरेको कागजातहरूमा कुनै परिवर्तन भएको अवस्थामा त्यसरी अद्यावधिक भएको कागजातहरू।

१४. <u>विवरणपत्र वा आवधिक विवरणपत्रको जाँचबुझ तथा स्वीकृति</u>: (१) बोर्डले नियम १३ बमोजिमको निवेदनसाथ प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा प्राप्त विवरणपत्र वा आवधिक विवरणपत्रमा कुनै परिमार्जन गर्न आवश्यक ठानेमा बोर्डले विवरणपत्र वा आवधिक विवरणपत्र परिमार्जनको सम्बन्धमा निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको निर्देशन प्राप्त भएमा सङ्गठित संस्थाले निर्देशन प्राप्त गरेको मितिले साठी कार्य दिनभित्र परिमार्जन गरी सम्पूर्ण संचालकले हस्ताक्षर गरेको विवरणपत्र वा आवधिक विवरणपत्र बोर्ड समक्ष पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त विवरणपत्र वा आवधिक विवरणपत्र प्राप्त भएको मितिले पन्ध्र कार्य दिनभित्र बोर्डले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा विवरणपत्र वा आवधिक विवरणपत्र प्रकाशन गर्न स्वीकृति दिनेछ।

(५) बोर्डले उपनियम (४) बमोजिम स्वीकृति प्रदान गर्दा शर्तहरू तोक्न सक्नेछ।

(६) उपनियम (३) बमोजिम सङ्गठित संस्थाले विवरणपत्र वा आवधिक विवरणपत्र परिमार्जन गरी बोर्ड समक्ष पेस नगरेमा नियम १३ बमोजिम पेस गरिएको विवरणपत्र वा आवधिक विवरणपत्र स्वीकृतिको निवेदन रद्द हुनेछ।

१५. <u>एक किस्तामा ऋणपत्र जारी गर्दा निष्काशन खुल्ला गरिसक्नु पर्ने अवधिः</u> (१) बोर्डबाट नियम १४ बमोजिम विवरणपत्र स्वीकृत भएको मितिबाट दुई महिनाभित्र सङ्गठित संस्थाले ऋणपत्रको निष्काशन खुल्ला गरी सक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र सङ्गठित संस्थाको प्राविधिक, वित्तीय र व्यवस्थापन पक्षमा कुनै सारभूत परिवर्तन भएमा वा ऋणपत्रको क्रेडिट रेटिङ्ग परिवर्तन भएमा सङ्गठित संस्थाले त्यस्तो परिवर्तन भएको विषय उल्लेख गरी विवरणपत्रमा परिमार्जन गरी बोर्डलाई जानकारी गराई त्यस्तो सो विवरणपत्र सार्वजनिक प्रकाशन गर्नुपर्नेछ।

(३) नियम १४ बमोजिम बोर्डबाट स्वीकृती प्राप्त गरेपश्चात सङ्गठित संस्थाले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत कम्तीमा एउटा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणपत्र बिक्री खुल्ला गरिने दिन भन्दा कम्तीमा सात कार्य दिन अगाडि अनुसूची-८ बमोजिमको विवरण खुलाई सार्वजनिक जानकारीको लागि आव्हानपत्र प्रकाशन गर्नु पर्नेछ।

१६. **एक भन्दा बढि किस्तामा ऋणपत्र जारी गर्दा निष्काशन खुल्ला गरिसक्नु पर्ने अवधिः** (१) नियम १४ बमोजिम बोर्डबाट स्वीकृत भएको आवधिक विवरणपत्र त्यसरी स्वीकृत भएको मितिबाट अधिकतम तीन वर्ष सम्म मान्य हुनेछ।

(२) एक भन्दा बढि किस्तामा ऋणपत्र जारी गर्न स्वीकृतिप्राप्त सङ्गठित संस्थाले प्रत्येक पटक ऋणपत्र जारी गर्नु अघि अनुसूची-९ बमोजिमको ढाँचामा आवधिक विवरण तयार गरी बोर्ड तथा सम्बन्धित धितोपत्र बजारलाई त्यस्तो आवधिक विवरण उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बोर्ड तथा सम्बन्धित धितोपत्र बजारलाई आवधिक विवरण उपलब्ध गराए पश्चात सङ्गठित संस्थाले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत कम्तीमा एउटा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणपत्र बिक्री खुल्ला गरिने दिन भन्दा कम्तीमा सात कार्य दिन अगाडि सार्वजनिक जानकारीको लागि त्यस्तो आवधिक विवरण प्रकाशन गर्नु पर्नेछ।

परिच्छेद-५

ऋणपत्रको सूचीकरण र कारोबार

१७. **ऋणपत्रको सूचीकरण**: (१) यस नियमावली बमोजिम सङ्गठित संस्थाले परिपत्र विधिमार्फत जारी गरिएका ऋणपत्र धितोपत्र बजारमा सूचीकरण गर्न सक्नेछ।

(२) यस नियमावली बमोजिम सार्वजनिक निष्काशनमार्फत जारी गरिएका ऋणपत्रको कारोबारको लागि सङ्गठित संस्थाले त्यस्तो ऋणपत्र सम्बन्धित धितोपत्र बजारमा सूचीकरण गर्नु पर्नेछ।

(३) यस नियम बमोजिमको ऋणपत्र सूचीकरण सम्बन्धि प्रक्रिया धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

(४) यस नियम बमोजिमको ऋणपत्र अभौतिकीकरण सम्बन्धी प्रक्रिया धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

१८. **ऋणपत्रको कारोबारः** (१) नियम १७ बमोजिम सम्बन्धित धितोपत्र बजारमा सूचीकरण गरिएका ऋणपत्रको कारोबार धितोपत्रसम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ।

(२) धितोपत्र बजारले नियम १७ को उपनियम (१) र (२) बमोजिमका ऋणपत्रको कारोबार गर्ने प्रयोजनको लागि छुट्टाछुट्टै प्लेटफर्म बनाउनेछ।

(३) उपनियम (१) बमोजिम ऋणपत्र कारोबारको राफसाफ तथा हिसाब मिलानको प्रक्रिया धितोपत्रसम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

(४) परिपत्र विधिमार्फत जारी भएका तर नियम १७ को उपनियम (१) बमोजिम सम्बन्धित धितोपत्र बजारमा सूचीकरण नगरिएका ऋणपत्रको कारोबार ओ.टि.सि. बजारमार्फत गर्न सकिनेछ।

(५) ओ.टि.सि. बजारमार्फत ऋणपत्रको कारोबार प्रक्रिया ओ.टि.सि. बजार सञ्चालन सम्बन्धी प्रचलित नियममा तोकिए बमोजिम हुनेछ।

(६) परिपत्र विधिमार्फत जारी गरिएको ऋणपत्र योग्य लगानीकर्ता बाहेक अन्य व्यक्तिलाई बिक्री वा अन्यथा हस्तान्तरण गर्न सकिने छैन। धितोपत्र बजारमार्फत खरिद गरी वा अन्यथा हस्तान्तरण मार्फत ऋणपत्र प्राप्त गर्ने लगानीकर्ता नियम (५) को उपनियम (२) बमोजिमको योग्य लगानीकर्ता भएको भनी सम्बन्धित धितोपत्र दलालले यकिन गर्नुपर्नेछ।

(७) यस नियमवाली बमोजिम परिपत्र विधिमार्फत वा सार्वजनिक निष्काशनमार्फत जारी गरिएको ऋणपत्र विदेशी लगानीकर्तालाई हस्तान्तरण वा बिक्रि गर्ने भएमा त्यस्तो हस्तान्तरण वा बिक्री प्रचलित कानून बमोजिम विदशी लगानी गर्न स्वीकृति प्राप्त गरेका विदेशी लगानीकर्ताले मात्र गर्न सकिनेछ।

परिच्छेद-६

ऋणपत्र ट्रष्टी

१९. **ऋणपत्र ट्रष्टीको नियुक्तिः** (१) सङ्गठित संस्थाले परिपत्र विधि वा सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणमा ऋणपत्र निष्काशन गर्नु अघि ऋणपत्र ट्रष्टीको रूपमा कार्य गर्न बोर्डबाट नियम २० बमोजिम अनुमतिपत्रप्राप्त निकायलाई ऋणपत्र ट्रष्टीको रूपमा नियुक्त गर्नु पर्नेछ।

(२) देहायका कुनै निकाय ऋणपत्र ट्रष्टीको रूपमा नियुक्त हुन सक्ने छैनः-

(क) ऋणपत्र निष्काशन गर्ने सङ्गठित संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वित्तीय स्वार्थ वा दश वा सो भन्दा बढि प्रतिशत बढि शेयर स्वामित्व हुने निकाय,

(ख) निकायको संस्थापक वा सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा कम्पनी सचिव वा प्रमुख व्यवस्थापकीय कर्मचारी वा अन्य कुनै अधिकारी वा कर्मचारीको ऋणपत्र निष्काशन

गर्ने सङ्गठित संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वित्तिय स्वार्थ वा दश वा सो भन्दा बढि प्रतिशत शेयर स्वामित्व भएमा त्यस्तो निकाय,

(ग) ऋणपत्र जारी गर्ने सम्बन्धमा मर्चेन्ट बैङ्कर, धितोपत्र दलाल, व्यवसायिक सल्लाहकार, वा जमानीकर्ताको रूपमा वा अन्यथा संलग्न हुने कुनै निकाय,

(घ) ऋणपत्र ट्रष्टीको कार्य गरेबापत भुक्तान गरिने पारिश्रमिक वा शुल्क वाहेक अन्यथा सङ्गठित संस्थाले भुक्तान गरिने रकममा हिताधिकारी हुने निकाय,

(ङ) निष्पक्ष, वस्तुनिष्ठ, र पूर्वाग्रहविहीन सेवा प्रदान गर्ने क्षमतालाई असर गर्न सक्ने गरी कुनै पनि अन्य किसिमले स्वार्थ बाझिने सम्भावना भएका बोर्डले उपयुक्त ठानेका निकाय।

२०. **ऋणपत्र ट्रष्टीको अनुमतिपत्रः** (१) ऋणपत्र ट्रष्टीको रूपमा काम गर्न चाहने देहाय बमोजिमको कुनै संस्था वा निकायले अनुसूची-११ बमोजिमको दस्तुर सहित अनुसूची-१० बमोजिमको ढाँचामा ऋणपत्र ट्रष्टीको अनुमतिपत्रको लागि बोर्ड समक्ष निवेदन दिन सक्नेछः-

(क) अनुमतिपत्रप्राप्त मर्चेन्ट बैङ्कर, वा

(ख) बैङ्क तथा वित्तीय संस्थाहरू, वा

(ग) बीमा कम्पनी, वा

(घ) विशेष ऐनद्वारा स्थापित कोष वा अवकोष कोष

(ङ) विदेशी मुलुकको कानून बमोजिम ऋणपत्र ट्रष्टीको रूपमा अनुमतिपत्रप्राप्त विदेशी संस्थाको कम्तीमा २५ (पच्चिस) प्रतिशत शेयर स्वामित्व हुने गरी नेपालमा संस्थापना गरेको सङ्गठित संस्था,वा

(च) कानून व्यवसायी, चार्टर्ड एकाउन्टेन्ट वा बोर्डले तोकेको अन्य पेशागत व्यक्तिहरूले संस्थापना गरेको संस्था, वा

(छ) बोर्डले समय-समयमा तोकी अनुमतिपत्र प्रदान गरेको अन्य कुनै सङ्गठित संस्था।

(२) उपनियम (१) बमोजिम बोर्डमा निवेदन पेस गर्दा सम्बन्धित संस्था वा निकायले देहायका शर्तहरू पुरा गरेको हुनुपर्नेछः-

(क) आफ्ना कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न पर्याप्त कार्यालय स्थान, उपकरण र मानव संसाधन सहित आवश्यक पूर्वाधार भएको,

(ख) ऋणपत्र ट्रष्टीको रूपमा कार्य गर्न सम्बन्धित विषयमा अनुभव भएको कर्मचारीहरू रहेको,

(ग) पछिल्लो लेखापरीक्षण गरिएको वार्षिक वित्तीय विवरण अनुसार कम्तीमा दश करोड रूपैयाँ चुक्ता पूँजी भएको,

(घ) निवेदकको कुनै पनि सञ्चालक वा प्रबन्ध निर्देशक वा सोही बराबरको पद धारण गरेको कुनै पनि व्यक्ति कुनै फौजदारी वा बैङ्किङ तथा वित्तिय कसुर वा सम्पत्ति शुद्धिकरण कसुरमा कसूरदार ठहर नभएको वा प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(ङ) बोर्डले समय-समयमा तोकेका अन्य शर्तहरू।

(३) उपनियम (१) बमोजिमको निवेदन पेस गर्ने निवेदकले उपनियम (२) बमोजिमको शर्त पुरा गरेमा निवेदन पेस गरेको मितिले तीस कार्य दिन भित्र बोर्डले निवेदकलाई ऋणपत्र ट्रष्टीको रूपमा कार्य गर्न अनुसूची-१२ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ।

(४) उपनियम (१) बमोजिम पेस गरिएको निवेदन उपनियम (१) वा (२) बमोजिम भएको नपाइएमा बोर्डले निवेदकलाई सुनुवाईको मनासिब मौका दिई निवेदन प्राप्त गरेको मितिले तीस कार्य दिन भित्र ऋणपत्र ट्रष्टीको रूपमा काम गर्न अनुमतिपत्र दिन नमिल्ने कारण उल्लेख गरी अनुमतिपत्र दिन अस्वीकार गर्न सक्नेछ।

(५) ऋणपत्र ट्रष्टीले त्रैमासिक रूपमा आफूले प्राप्त गरेको सेवा शुल्कको तीन प्रतिशतले हुने रकम उक्त त्रैमास समाप्त भएको तीस कार्य दिन भित्र बोर्डमा बुझाउनुपर्ने छ। उक्त अवधिमा बोर्डमा रकम नबुझाएमा वार्षिक दश प्रतिशतका दरले ब्याजसमेत जोडी बोर्डमा बुझाउनुपर्ने छ।

(६) ऋणपत्र ट्रष्टीको अनुमतिपत्र बोर्डले नियम २१ बमोजिम खारेज नगरेसम्म मान्य हुनेछ।

२१. **ऋणपत्र ट्रष्टीको अनुमतिपत्र खारेज गर्न सकिने**: देहायको कुनै अवस्थामा बोर्डले ऋणपत्र ट्रष्टीलाई सुनुवाईको मनासिब मौका दिई ऋणपत्र ट्रष्टीको अनुमतिपत्र खारेज गर्न सक्नेछः

(क) नियम २० को उपनियम (२) बमोजिमको व्यवस्था पालना नगरेमा,

(ख) जानजानी धितोपत्रको हेरफेर वा मूल्य नियन्त्रण (प्राइस रिगिङ) मा संलग्न भएमा,

(ग) धितोपत्र बजार वा लगानीकर्ताको हितलाई हानी गर्ने कार्य गरे गराएमा,

(घ) ठगीको वा फौजदारी कसूरमा कसुरदार ठहरिएमा,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीमा परेमा, वा

(च) भित्री कारोबार सम्बन्धी कुनै पनि प्रावधान उल्लङ्घन गरेमा ।

२२. **<u>ऋणपत्र ट्रष्टी सम्झौता गर्नुपर्ने</u>**: (१) सङ्गठित संस्था र ऋणपत्र ट्रष्टीले अन्य विषयका अतिरिक्त देहायका विषय उल्लेख गरी ऋणपत्र ट्रष्टी सम्झौता गर्नुपर्नेछः-

(क) ऋणपत्रको प्रयोजन, रकम, भुक्तानी अवधि, कुपन दर, भुक्तानी तालिका, परिवर्त्य ऋणपत्र भए तत्सम्बन्धी शर्तहरू, ऋणपत्र फिर्ता गर्न सकिने शर्तहरू र ऋणपत्रसँग सम्बन्धित अन्य कुनै विवरण निर्धारण गरेको भए उल्लेख गर्नु पर्ने र निर्धारण नगरेको भए कसरी उक्त विवरणहरू ऋणपत्र ट्रष्टीलाई जानकारी गराइने सो सम्बन्धी प्रक्रिया र विवरण,

(ख) सुरक्षित ऋणपत्र जारी गर्दा सुरक्षणको रूपमा दिने सम्पत्तिको विवरण,

(ग) ऋणपत्र ट्रष्टी सम्झौता वा विवरणपत्र वा आवधिक विवरणपत्र वा ऋणपत्रसँग सम्बन्धित कागजातहरूको शर्त उल्लङ्घन भएमा वा शर्त उल्लङ्घन हुने अवस्था (इभेन्ट अफ डिफल्ट) भएमा ऋणपत्र ट्रष्टीले अपनाउने प्रक्रिया,

(घ) सङ्गठित संस्था र ऋणपत्र ट्रष्टीको अधिकार, कर्तव्य र दायित्वहरू,

(ङ) ऋणपत्र निष्काशन गर्ने सङ्गठित संस्था वा ऋणपत्र ट्रष्टी वा लगानीकर्ताको अधिकार र ऋणपत्र ट्रष्टीको दायित्व सिमित भए सोको विवरण,

(च) लगानीकर्ताहरूको नियमित वा आकस्मिक बैठक बोलाउने प्रक्रिया लगायत ऋणपत्र ट्रष्टीको गुनासो व्यवस्थापन प्रणाली,

(छ) ऋणपत्र ट्रष्टीलाई हटाउने, प्रतिस्थापन गर्ने र ऋणपत्र ट्रष्टीको स्वेच्छिक राजिनामा र नयाँ ऋणपत्र ट्रष्टीको नियुक्ति सम्बन्धि प्रक्रिया,

(ज) ऋणपत्र ट्रष्टीलाई भुक्तानी गरिने दस्तुर वा सेवा शुल्क सम्बन्धि व्यवस्था,

(झ) सङ्गठित संस्था विघटन गर्नूपर्ने अवस्था उत्पन्न भएमा ऋणपत्र ट्रष्टीले लगानीकर्ताको तर्फबाट गर्न सक्ने कानूनी कारबाही र लगानीकर्ताको अधिकार प्रयोग गर्नसक्ने सम्बन्धि व्यवस्था ।

(२) उपनियम (१) बमोजिम सम्झौता गर्नु अघि ऋणपत्र ट्रष्टीले देहायका विषयमा आवश्यक जाँचबुझ गर्न तथा विवरण, सूचना वा जानकारी लिन वा माग गर्न सक्नेछ र त्यसरी माग भएमा सम्बन्धित सङ्गठित संस्थाले सो उपलब्ध गराउनु पर्नेछ :-

(क) सङ्गठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा ऋणपत्र जारी गर्न सक्ने व्यवस्था छ वा छैन र त्यस्तो व्यवस्था भएमा त्यसरी ऋणपत्र उठाउने निर्णय गर्न सक्ने अधिकार सो संस्थाको सञ्चालक समितिलाई छ वा छैन,

(ख) सुरक्षित ऋणपत्रको हकमा सङ्गठित संस्थाको मौजुदा जायजेथाले जारी गारिने ऋणपत्रको मूल्य खाम्न सक्ने स्थिति छ वा छैन,

(ग) सङ्गठित संस्थाका अन्य साहू तथा दायित्वहरू सम्बन्धी विषय,

(घ) सङ्गठित संस्थाको वासलात तथा लेखापरीक्षकको प्रतिवेदन,

(घ) ऋणपत्र ट्रष्टीले उपयुक्त ठानेका अन्य आवश्यक विषय।

२३. **<u>सङ्गठित संस्थाले ऋणपत्र ट्रष्टीलाई आवधिक प्रतिवेदन वा तत्काल जानकारी दिनु पर्नेः</u>** (१) सङ्गठित संस्थाले प्रत्येक त्रैमास समाप्त भएको एक महिनाभित्र ऋणपत्र ट्रष्टीलाई निम्न बमोजिम जानकारी समेत समावेश गरी त्रैमासिक प्रतिवेदन बुझाउनु पर्नेछः

(क) सङ्गठित संस्थाले ऋण लिन सक्ने रकमको सिमा सम्बन्धी व्यवस्था उल्लङ्घन भए वा नभएको,

(ख) सङ्गठित संस्थाले सम्बन्धित त्रैमासमा ऋणपत्र ट्रष्टी सम्झौता वा विवरणपत्र वा आवधिक विवरणपत्र वा ऋणपत्र सम्बन्धित कागजातहरूको कुनै शर्त पालना गरे वा नगरेको,

(ग) सम्बन्धित त्रैमासमा ऋणपत्र अन्तर्गत रकम भुक्तान गर्नुपर्ने अवस्था सृजना भएको वा त्यस्तो अवस्था सृजना हुनसक्ने भएको वा ऋणपत्र अन्तर्गतको कुनै अधिकार कार्यान्वयन हुनुपर्ने भएको वा नभएको,

(घ) सम्बन्धित त्रैमासमा उत्पन्न भएको कुनै परिस्थितिका कारण लगानीकर्ताको ऋणपत्रको सुरक्षण सम्बन्धी हितमा सम्भावित असर पर्न सक्ने कुनै अवस्था भए वा नभएको,

(ङ) सामान्य व्यापारिक कारोबारको सिलसिलमा बाहेक सम्बद्ध पक्षहरूलाई तिर्नुपर्ने बक्यौता रकममा वा सम्बद्ध पक्षहरूले सङ्गठित संस्थालाई तिर्नुपर्ने बक्यौता रकममा वा सङ्गठित संस्थाले स्वीकार गरेको सम्बद्ध पक्षहरूको दायित्वमा कुनै परिवर्तन भए वा नभएको ।

(२) उपनियम (१) मा जुनसुकै विषय लेखिएको भए तापनि सङ्गठित संस्थाले लगानीकर्ताको सुरक्षण वा हितमा सारभूत प्रतिकुल असर पार्न सक्ने देहायका कुनै विषयको सम्बन्धमा थाहा पाएमा ऋणपत्र ट्रष्टीलाई तत्काल जानकारी दिनुपर्नेछ :-

(क) ऋणपत्र ट्रष्टी सम्झौता वा विवरणपत्र वा आवधिक विवरणपत्र वा ऋणपत्र सम्बन्धित कागजातहरूमा उल्लेख गरिएका कुनै शर्त उल्लङ्घन हुने अवस्था (इभेन्ट अफ डिफल्ट) भएमा,

(ख) कुनै कारणवस ऋणपत्र अन्तर्गत भुक्तान हुनुपर्ने रकम तत्काल भुक्तान हुनुपर्ने वा हुन जाने भएमा, वा ऋणपत्र अन्तर्गतका अन्य कुनै अधिकार तत्काल कार्यान्वयन हुनुपर्ने वा हुन जाने भएमा,

(ग) पहिले पेस गरेको विवरण झुट्टा भएको वा पहिले खुलाउनु पर्ने कुनै सारभूत तथ्य नखुलाएको जानकारीमा आएमा वा अन्य कुनै कारणवस सङ्गठित संस्थाले पेस गरेको विवरण परिमार्जन वा थप विवरण पेस गर्नुपर्ने भएमा ।

(३) ऋणपत्र जारी गरे पश्चात सङ्गठित संस्थाको व्यवस्थापनमा कुनै परिवर्तन भएमा वा सङ्गठित संस्थाको स्वामित्वमा कुनै परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको मितिले सात कार्य दिनभित्र सङ्गठित संस्थाले ऋणपत्र ट्रष्टीलाई सोको जानकारी दिनु पर्नेछ।

(४) ऋणपत्रको स्वामित्वमा कुनै किसिमले परिवर्तन भएमा वा ऋणपत्र धनीको नाम वा सम्पर्क विवरण वा ऋणपत्र धनीले धारण गरेको ऋणपत्रको सङ्ख्यामा परिवर्तन भएमा त्यसरी परिवर्तन भएको सात कार्य दिनभित्र ऋणपत्र धनीहरूको अद्यावधिक सूची, निजहरूले धारण गरेको ऋणपत्रको सङ्ख्या र निजहरूको सम्पर्क विवरण सङ्गठित संस्थाले ऋणपत्र ट्रष्टीलाई दिनु पर्नेछ ।

(५) ऋणपत्र ट्रष्टीले उपनियम (१), (२), (३) र (४) मा उल्लिखित विवरणहरूका अतिरिक्त थप विवरण माग गर्न सक्नेछ र सङ्गठित संस्थाले ऋणपत्र ट्रष्टीलाई त्यस्तो विवरण यथासिघ्र उपलब्ध गराउनु पर्नेछ।

२४. **<u>ऋणपत्र ट्रष्टीको काम, कर्तव्य र अधिकार</u>**: (१) ऋणपत्र ट्रष्टीको अधिकार देहाय बमोजिम हुनेछः

(क) सुरक्षित ऋणपत्रको हकमा लगानीकर्ताको संरक्षणको लागि सङ्गठित संस्थाको परियोजना वा व्यवस्थापन विश्लेषण गर्ने वा गराउने, सम्पत्तिको मूल्याङ्कन गर्ने वा गराउने र सुरक्षण लिने र प्रचलित कानून बमोजिम सोलाई लगानीकर्ताको हितको लागि आफ्नो नाममा दर्ता गराउन सक्ने,

(ख) सङ्गठित संस्थाबाट आवधिक प्रतिवेदन वा विवरण तोकिए बमोजिम प्राप्त गर्ने वा माग गर्न सक्ने,

(ग) आफ्नो दायित्वहरू पुरा गर्न आवश्यक पर्ने हदसम्म सङ्गठित संस्थाको लेखा, हिसाब किताब, दर्ता किताबहरू वा अन्य विवरणहरूको निरीक्षण गर्न सक्ने,

(घ) ऋणपत्र ट्रष्टी सम्झौता लगायत सम्बन्धित ऋणपत्रका कागजातहरूमा उल्लेख गरिएका कुनै दायित्वहरूको उल्लङ्घन भएमा यथाशीघ्र सुधार गर्न वा ऋणपत्र ट्रष्टीले तोकेको समयभित्र लगानीकर्तालाई भुक्तान गर्नु पर्ने साँवा, कुपन तथा अन्य शुल्क भुक्तान गर्न सङ्गठित संस्थालाई निर्देशन दिन सक्ने,

(ङ) सुरक्षित ऋणपत्रको हकमा ऋणपत्र ट्रष्टीले ऋणपत्र सम्बन्धित कागजातहरू बमोजिम सुरक्षित सम्पत्ति नियन्त्रणमा लिन वा कब्जा गर्न आवश्यक भएमा प्रचलित कानूनको अधिनमा रहि ऋणपत्र ट्रष्टीले सङ्गठित संस्थाको त्यस्तो सम्पत्तिलाई नियन्त्रण र कब्जामा लिई लिलाम बढाबढ गरी वा अन्य उपयुक्त तरिकाले व्यवस्थापन गरी लगानीकर्तालाई सो सम्पत्तिको बिक्रीबाट जम्मा भएको रकम भुक्तानी गर्ने र रकम बाँकी रहेमा सङ्गठित संस्थालाई फिर्ता दिने,

(च) सङ्गठित संस्था प्रचलित कानून बमोजिम दर्ता खारेजीमा गएमा वा दामासाहीमा परेमा लगानीकर्ताको तर्फबाट प्रतिनिधित्व गर्ने,

(छ) लगानीकर्ताको साँवा, कुपन र अन्य कुनै शुल्क भुक्तानी गराउने वा अन्य कुनै विषयमा लगानीकर्ताको तर्फबाट मुद्दा गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम लगानीकर्ताको तर्फबाट मुद्दा गर्ने,

(ज) ऋणपत्र ट्रष्टीको हैसियतमा काम गरे बापत सङ्गठित संस्थासँग ऋणपत्र ट्रष्टी सम्झौतामा तोकिए बमोजिम पारिश्रमिक वा शुल्क लिन सक्ने र ऋणपत्र ट्रष्टी सम्झौता र सम्बन्धित कागजातहरूको तयारी तथा कार्यान्वयन गर्न र यस नियमावली बमोजिमको अधिकार तथा अख्तियारी समेत गरि आफ्नो अधिकारहरूको प्रयोग गर्न वा ट्रष्टीमा निहित रहेका अधिकारहरूको कार्यान्वयन गर्नका लागि ऋणपत्र ट्रष्टीले भ्रमण खर्च लगायत अन्य सम्पूर्ण शुल्क, लागत (कानूनी लागत समेत), दस्तुर तथा खर्च सम्बन्धित सङ्गठित संस्थासँग माग गर्न सक्नेछ ।

(झ) ऋणपत्र ट्रष्टी सम्झौता र प्रचलित कानूनमा व्यवस्था गरिएका अन्य कुनै अधिकारहरू।

(२) ऋणपत्र ट्रष्टी सम्झौतामा जुनसुकै विषय लेखिएको भए तापनि सार्वजनिक निष्काशन मार्फत जारी गरिएको ऋणपत्रको ऋणपत्र ट्रष्टीको कर्तव्यहरू देहाय बमोजिम हुनेछन्:

(क) ऋणपत्र ट्रष्टी सम्झौता वा विवरणपत्र वा आवधिक विवरणपत्र वा ऋणपत्र सम्बन्धी कागजातहरूमा भएका सम्पूर्ण शर्तहरू लगानीकर्ताको हित प्रतिकूल नभएको विषय सुनिश्चित गर्ने,

(ख) सङ्गठित संस्थाबाट आवधिक प्रतिवेदन वा अन्य जानकारी लिने वा माग गर्ने र लगानीकर्तालाई उपलब्ध गराउने,

(ग) सङ्गठित संस्थाबाट ऋणपत्र ट्रष्टी सम्झौता लगायत सम्बन्धित ऋणपत्र सम्बन्धी कागजातहरूमा उल्लेख गरिएका दायित्वहरूको उल्लङ्घन भएको नभएको अनुगमन गर्ने लगायत सम्बन्धित सङ्गठित संस्थालाई उल्लङ्घन भएका दायित्वहरू पुरा गर्न निर्देशन दिने,

(घ) सङ्गठित संस्थाबाट ऋणपत्र ट्रष्टी सम्झौता लगायत सम्बन्धित ऋणपत्र सम्बन्धी कागजातहरूमा उल्लेख गरिएका कुनै दायित्वको उल्लङ्घन भएमा लगानीकर्ताको बैठक बोलाई यथाशिघ्र सूचित गराउने र उल्लङ्घन भएको कार्य सुधारको लागि आवश्यक काम कारबाही प्रस्ताव गर्ने,

(ङ) लगानीकर्ता र सङ्गठित संस्थाबीच मध्यस्थको रूपमा काम गर्ने र आवश्यकता अनुसार लगानीकर्ताको बैठक बोलाउने,

(च) सुरक्षित ऋणपत्रको हकमा सो ऋणपत्रका सम्बन्धमा सुरक्षण सिर्जना गर्ने शर्तहरूको कार्यान्वयन सुनिश्चित गर्ने; साँवा, कुपन र अन्य शुल्क भुक्तान गर्न सक्ने गरि सम्पत्तिको पर्याप्तताको अनुगमन गर्ने र त्यस्तो सम्पत्ति लगानीकर्ताले सहमती जनाएको धितोबन्धकी बाहेक अन्य कुनै धितोबन्धकीबाट मुक्त रहेको सुनिश्चित गर्ने,

(छ) सुरक्षित ऋणपत्रको हकमा ऋणपत्र ट्रष्टी सम्झौता र प्रचलित कानून बमोजिम लगानीकर्ताको तर्फबाट सुरक्षित सम्पत्तिहरूको व्यवस्थापन गर्ने,

(ज) ऋणपत्र ट्रष्टीले प्रचलित कानून वा ऋणपत्र ट्रष्टी सम्झौता वा ऋणपत्र सम्बन्धी कागजातहरूको उल्लङ्घन भएको भन्ने विषय थाहा पाएमा सो को जानकारी बोर्डलाई तुरून्त दिनुपर्ने,

(झ) प्रचलित कानून बमोजिम सम्भव भएसम्म लगानीकर्ताको बैठकमा जारी गरिएका निर्देशनहरू कार्यान्वयन गर्ने,

(ञ) ऋणपत्र ट्रष्टी सम्झौता तथा विवरणपत्र वा आवधिक विवरणपत्र लगायत ऋणपत्र सम्बन्धी कागजातहरूमा उल्लिखित शर्तहरूको अधिनमा रही ऋणपत्र फिर्ता माग (रिडेम्पशन) गर्न सकिने हो वा होइन सो विषयको अनुगमन गर्ने र सो कागजातहरू बमोजिम फिर्ता गर्न नसकिएमा लगानीकर्तालाई जानकारी गराउने,

(ट) ऋणपत्र ट्रष्टीको कार्यसँग सम्बन्धित विषयको लेखा, हिसाब किताब तथा कागजातहरू उचित रूपमा व्यवस्थापन गर्ने।

(३) सार्वजनिक निष्काशन मार्फत जारी गरिएको ऋणपत्रको ऋणपत्र ट्रष्टीले निम्न बमोजिमका विवरण तथा कागजातहरू प्रत्येक आर्थिक वर्ष अन्त्य भएको तीन महिना भित्र बोर्डलाई बुझाउनु पर्नेछः

(क) लगानीकर्ताको गुनासो तथा त्यस्तो गुनासोको समाधानको सङ्ख्या र प्रकृति, समाधान

(ख) साँवा, ब्याजदर (कुपन) वा लगानीकर्तालाई भुक्तान गर्नुपर्ने कुनै रकम भुक्तानी नगरेको वा विलम्ब गरी भुक्तान गरेको भए सो सम्बन्धी विवरण।

२५. **<u>ऋणपत्र ट्रष्टीलाई हटाउने र प्रतिस्थापन गर्ने सम्बन्धि व्यवस्था</u>ः** (१) ट्रष्टीले लगानीकर्ताको हितमा काम गर्न नसकेको कारण देखाई त्यस्तो ट्रष्टी हटाई पाउन पचास प्रतिशत भन्दा बढी ऋणपत्र लिएका लगानीकर्ताले बोर्डसमक्ष निवेदन दिन सक्नेछन्।

(२) उपनियम (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा बोर्डले त्यस्तो ट्रष्टीलाई हटाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम ट्रष्टी हटाएको अवस्थामा बोर्डले निश्चित समयावधि तोकि सङ्गठित संस्थालाई नयाँ ट्रष्टीको व्यवस्था गर्न लगाउनेछ ।

२६. **<u>ऋणपत्र ट्रष्टीले राजीनामा दिन सक्ने</u>ः** (१) ऋणपत्र ट्रष्टीले यस परिच्छेद बमोजिम अनुमतिपत्रप्राप्त ऋणपत्र ट्रष्टीलाई आफ्नो उत्तराधिकारीको रूपमा नियुक्तिका लागि सिफारिस गरी लगानीकर्ता तथा सम्बन्धित सङ्गठित संस्थालाई तीन महिनाको पूर्व सूचना दिई पदबाट राजीनामा दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको उत्तराधिकार ऋणपत्र ट्रष्टीले आफ्नो नियुक्ति स्वीकार गरेको लिखित जानकारी लगानीकर्ता तथा सङ्गठित संस्थालाई दिई सम्बन्धित सङ्गठित संस्थासँग नियम २२ बमोजिमको ऋणपत्र ट्रष्टी सम्झौता सम्पन्न गरेपश्चात मात्र उपनियम (१) बमोजिमको ऋणपत्र ट्रष्टीको राजिनामाको सुचना लागू हुनेछ ।

(३) राजिनामा दिने ऋणपत्र ट्रष्टीले उत्तराधिकार ऋणपत्र ट्रष्टीले माग गरे बमोजिमको सम्पूर्ण कागजातहरू उपलब्ध गराउनुपर्नेछ र राजिनामा दिने ऋणपत्र ट्रष्टीले उत्तराधिकार ऋणपत्र ट्रष्टीलाई उक्त सङ्गठित संस्थाको ऋणपत्र ट्रष्टीको रूपमा कार्य सम्पादन गर्नका लागि व्यावसयिक तवरले मनासिब सहायता प्रदान गर्नुपर्नेछ।

परिच्छेद–७

अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था

२७. **परिपत्र विधिमार्फत अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र जारी तथा दर्ता गर्ने सम्बन्धमाः** (१) परिपत्र विधिमार्फत ऋणपत्र जारी गर्न चाहने अन्तर्राष्ट्रिय वित्तीय संस्थाले बोर्ड समक्ष देहायका कागजातहरू संलग्न गरी अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन दिई ऋणपत्र दर्ता गर्नुपर्नेछः-

(क) नेपाल सरकारले ऋणपत्र जारी गर्न प्रदान गरेको स्वीकृति पत्रको प्रतिलिपि,

(ख) ऋणपत्र दर्ता तथा जारी गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सञ्चालक समितिबाट भएको निर्णय वा आवश्यक संस्थागत अख्तियारी,

(ग) ऋणपत्र जारी गर्ने उद्धेश्य, प्रक्रिया र ऋणपत्र जारी गरी प्राप्त रकमको उपयोग,

(घ) अनुसुची-२ बमोजिमको निवेदन तथा दर्ता दस्तुर भुक्तान गरेको प्रमाण।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा त्यसरी निवेदन प्राप्त भएको सात कार्य दिनभित्र बोर्डले अनुसूचि-३ बमोजिमको आफ्नो दर्ता किताबमा ऋणपत्र दर्ता गरी अनुसूचि-४ बमोजिमको ढाँचामा अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई दर्ता प्रमाणपत्र दिनेछ ।

(३) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले बढीमा पचास जना योग्य लगानीकर्ताहरूलाई परिपत्र विधिमार्फत उपनियम (२) बमोजिम दर्ता भएको ऋणपत्र खरिदका लागि प्रस्ताव गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम अन्तर्राष्ट्रिय वित्तीय संस्थाले लक्षित योग्य लगानीकर्ताहरूलाई ऋणपत्र प्रस्ताव गर्नु अघि त्यस्तो योग्य लगानीकर्ताहरूलाई परिपत्र विवरण प्रदान गर्नु पर्नेछ र उक्त परिपत्र विवरणमा देहायका विवरण लगायत अन्तर्राष्ट्रिय वित्तीय संस्थाले निर्धारण गरेका अन्य विवरण समावेश गर्न सक्नेछः-

(क) अन्तर्राष्ट्रिय वित्तीय संस्थाको नाम तथा ठेगाना,

(ख) ऋणपत्रको प्रकार, शिर्षक, अंकित मूल्य, ब्याजदर (कुपन) र जारी गरिने ऋणपत्रको कुल सङ्ख्या,

(ग) ऋणपत्र जारी गर्ने उद्धेश्य, प्रक्रिया र ऋणपत्र जारी गरी प्राप्त रकमको उपयोग,

(घ) ऋणपत्रको बाँडफाँड, सूचीकरण तथा कारोबार सम्बन्धी व्यवस्था,

(ङ) अन्तर्राष्ट्रिय वित्तीय संस्थाको पछिल्लो तीन वर्षको वित्तीय विवरणहरू,

(च) आवेदन दिन सकिने ऋणपत्रको न्यूनतम संङ्ख्या,

(छ) ऋणपत्रको जोखिम र त्यस्ता जोखिमहरू न्यूनीकरण गर्ने व्यवस्था,

(ज) यस नियमावली बमोजिम पहिले नै ऋणपत्र जारी गरिसकेको भए सो सम्बन्धी जानकारी ।

(५) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले योग्य लगानीकर्ताहरूलाई लक्षित गरी कुनै सामाजिक सञ्जालमा घोषणा वा त्यस्तै अन्य आव्हान लगायत कुनै प्रकारको सार्वजनिक घोषणा, विज्ञापन वा मार्केटिङ बाहेक चिठ्ठीपत्र, फोन सम्पर्क, एस.एम.एस. वा कुनै विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी उपनियम (२) बमोजिम दर्ता भएको ऋणपत्रको बिक्री प्रस्ताव राखी परिपत्र विधिमार्फत ऋणपत्र जारी गर्न सक्नेछ ।

(६) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले छनौट भएका योग्य लगानीकर्ताहरूलाई अन्तर्राष्ट्रिय वित्तीय संस्था र उक्त छनौट भएका योग्य लगानीकर्ताहरूबीच भएको सम्झौतामा उल्लिखित अवधिभित्र उपनियम (३) मा प्रस्ताव गरे बमोजिमको सङ्ख्यामा परिपत्र विधिमार्फत ऋणपत्र जारी तथा बाँडफाँड गर्नु पर्नेछ ।

(७) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले उपनियम (६) बमोजिम बाँडफाँड भएको सात कार्य दिनभित्र देहायका कागजातहरू संलग्न गरी ऋणपत्रको बाँडफाँडको सम्बन्धमा बोर्डलाई जानकारी गराउनु पर्नेछः-

(क) सम्पूर्ण लगानीकर्ताहरूको सूची, निजहरूलाई बाँडफाँड गरिएको ऋणपत्रको सङ्ख्या लगायत कुपन दर, अवधि तथा कुपन भुक्तान गर्ने तालिका उल्लेख गरि अन्तर्राष्ट्रिय वित्तीय संस्थाले जारी गरेको विवरण,

(ख) उपनियम (४) बमोजिमको परिपत्र विवरण।

(८) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऋणपत्र बाँडफाँड भएको मितिले सात कार्य दिन भित्र ऋणपत्र प्रमाणपत्र सम्बन्धित योग्य लगानीकर्तालाई जारी गर्नु पर्नेछ ।

(९) यस नियम बमोजिम लगानीकर्ताहरूलाई ऋणपत्र जारी गर्नु अघि अन्तर्राष्ट्रिय वित्तीय संस्थाले छनौट गरेको लगानीकर्ताहरू योग्य लगानीकर्ताहरू भएको भनि बोर्डबाट अनुमतिपत्र प्राप्त निष्काशन तथा बिक्री प्रबन्धकद्धारा यकिन गराई सो सम्बन्धमा पत्र लिनुपर्नेछ।

तर नियम ३५ बमोजिम विदेशी लगानी गर्न स्वीकृत प्राप्त गर्ने विदेशी लगानीकर्ताहरूको लागि त्यसरी यकिन गराउनुपर्ने छैन ।

२८. **अन्तर्राष्ट्रिय वित्तीय संस्थाले सार्वजनिक निष्काशनमार्फत जारी गरिने ऋणपत्र दर्ताः** (१) यस परिच्छेद बमोजिम सार्वजनिक निष्काशनमार्फत ऋणपत्र जारी गर्न चाहने अन्तर्राष्ट्रिय वित्तीय संस्थाले बोर्ड समक्ष अनुसूचि- १ बमोजिमको ढाँचामा निवेदन दिई ऋणपत्र दर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन दिँदा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले देहायका कागजात संलग्न गर्नुपर्नेछ :-

(क) नेपाल सरकारले ऋणपत्र जारी गर्न प्रदान गरेको स्वीकृति पत्रको प्रतिलिपि,

(ख) ऋणपत्र दर्ता तथा जारी गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सञ्चालक समितिबाट भएको निर्णय वा आवश्यक संस्थागत अख्तियारी,

(ग) अन्तर्राष्ट्रिय वित्तीय संस्थाको विधान अनुसार तयार गरिएको पछिल्लो तीन वर्षको वित्तीय विवरण,

(घ) ऋणपत्रको प्रकार, शिर्षक, अंकित मूल्य र जारी गरिने ऋणपत्रको कुल सङ्ख्या,

(ङ) अनुसुची-२ बमोजिमको निवेदन दस्तुर बुझाएको प्रमाण।

(३) उपनियम (२) बमोजिम ऋणपत्र दर्ताका लागि निवेदन प्राप्त भएमा बोर्डले आवश्यक जाँचबुझ गरी निवेदन प्राप्त भएको मितिले सात कार्य दिनभित्र अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई अनुसुची-२ बमोजिमको दर्ता दस्तुर बुझाउन जानकारी दिनेछ ।

(४) उपनियम (३) बमोजिमको जानकारी प्राप्त भएमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले बोर्डलाई दस्तुर बुझाएको प्रमाण पेस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको दस्तुर भुक्तान गरेको प्रमाण पेस भएको सात कार्य दिन भित्र बोर्डले अनुसूचि-३ बमोजिमको आफ्नो दर्ता किताबमा ऋणपत्र दर्ता गरी अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई अनुसूचि-४ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ ।

२९. **सार्वजनिक प्रस्ताव गर्नु अघि निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्नु पर्नेः** नियम २८ बमोजिम ऋणपत्रको सार्वजनिक प्रस्ताव गर्नु अघि अन्तर्राष्ट्रिय वित्तीय संस्थाले अनुमतिपत्रप्राप्त निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गर्नु पर्नेछ ।

३०. **सार्वजनिक निष्काशन गर्नु अघि विवरणपत्र वा आवधिक स्वीकृतिका लागि निवेदन दिनु पर्नेः** (१) ऋणपत्रको सार्वजनिक निष्काशन गर्नु अघि अन्तर्राष्ट्रिय वित्तीय संस्थाले निष्काशन तथा बिक्री

प्रबन्धकद्वारा उपनियम (३) बमोजिमको विवरण समावेश गरी तयार पारिएको विवरणपत्र वा आवधिक विवरणपत्रको स्वीकृतिको लागि बोर्ड समक्ष निवेदन पेस गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन र विवरणपत्र वा आवधिक विवरणपत्रको साथ अन्तर्राष्ट्रिय वित्तीय संस्थाले देहाय बमोजिमका कागजातहरू संलग्न गरी बोर्डमा पेस गर्नुपर्नेछः-

(क) अन्तर्राष्ट्रिय वित्तीय संस्था र निष्काशन तथा बिक्री प्रबन्धक बीच सार्वजनिक निष्काशनमार्फत ऋणपत्र जारी गर्ने सम्बन्धमा भएको सम्झौताको प्रतिलिपि,

(ख) धितोपत्र सम्बन्धि प्रचलित कानूनको पालना गरी विवरणपत्र तयार गरिएको उद्घोषण गरी निष्काशन तथा बिक्री प्रबन्धकले दिएको ड्यू डेलीजेन्स प्रमाणपत्रको प्रतिलिपि,

(ग) अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सञ्चालक समितिबाट भएको निर्णय वा आवश्यक संस्थागत अख्तियारी वा आन्तरिक सुशासन कागजातमा उल्लेख गरिएको अधिकारीले विवरणपत्रमा उल्लिखित विवरणको सत्यता पुष्टि गरेको घोषणा,

(घ) अनुसुची-२ बमोजिमको प्रशोधन दस्तुर बुझाएको प्रमाण।

(३) उपनियम (१) बमोजिम तयार गरिएको विवरणपत्र वा आवधिक विवरणपत्रमा देहायका विवरण समावेश भएको हुनुपर्नेछः-

(क) अन्तर्राष्ट्रिय वित्तीय संस्थाको नाम तथा ठेगाना,

(ख) ऋणपत्रको प्रकार, शिर्षक, अंकित मूल्य र जारी गरिने ऋणपत्रको कुल सङ्ख्या,

(ग) ऋणपत्र जारी गर्ने उद्धेश्य, प्रक्रिया र ऋणपत्र जारी गरी प्राप्त रकमको उपयोग,

(घ) ऋणपत्रको अवधि,

(ङ) ऋणपत्रको बाँडफाट, सूचिकरण तथा कारोबार सम्बन्धी व्यवस्था,

(च) ऋणपत्र ट्रस्टीको नाम,

(छ) अन्तर्राष्ट्रिय वित्तीय संस्थाको विगत तीन बर्षको वित्तीय विवरण,

(ज) आवेदन दिन सकिने ऋणपत्रको न्यूनतम संङ्ख्या,

(झ) ऋणपत्रको जोखिम र त्यस्ता जोखिमहरू न्यूनीकरण सम्बन्धी व्यवस्था,,

(ञ) पटक पटक गरी ऋणपत्र जारी गर्ने भएमा जारी गरिने समय, सङ्ख्या र मूल्य सम्बन्धी विवरण बोर्डलाई उक्त ऋणपत्र जारी गर्नु अघि दिइने छ भन्ने उल्लेख गरिएको व्यहोरा,

(ट) कुपन दर, भुक्तानी अवधि, भुक्तानी तालिका, भुक्तानी अवधि पुरा हुनु अगाडि ऋणपत्र फिर्ता माग गर्ने भएमा वा लिने भएमा पुरा गर्नुपर्ने शर्त तथा प्रक्रिया, र

(ट) यस नियमावली बमोजिम पहिले नै ऋणपत्र जारी गरिसकेको भए सो सम्बन्धी विवरण।

(४) यस परिच्छेद बमोजिम तयार गरिने विवरणपत्र वा आवधिक विवरणपत्र अंग्रेजी भाषामा तयार गर्न सकिनेछ।

३१. **<u>सार्वजनिक प्रस्ताव गर्नु अघि विवरणपत्रको जाँचबुझ तथा स्वीकृतिः</u>** (१) बोर्डले नियम ३० बमोजिमको निवेदनसाथ प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा प्राप्त विवरणपत्र वा आवधिक विवरणपत्रमा कुनै परिमार्जन गर्न आवश्यक ठानेमा बोर्डले विवरणपत्र वा आवधिक विवरणपत्र परिमार्जनको सम्बन्धमा निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको निर्देशन प्राप्त भएमा निर्देशन प्राप्त गरेको मितिले साठी कार्य दिनभित्र विवरणपत्र वा आवधिक विवरणपत्र परिमार्जन गरी बोर्ड समक्ष पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त विवरणपत्र वा आवधिक विवरणपत्र प्राप्त भएको मितिले पन्ध्र कार्य दिनभित्र बोर्डले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा विवरणपत्र वा आवधिक विवरणपत्र प्रकाशन गर्न स्वीकृति दिनेछ।

(५) बोर्डले उपनियम (४) बमोजिम स्वीकृति प्रदान गर्दा शर्तहरू तोक्न सक्नेछ।

(६) उपनियम (३) बमोजिम विवरणपत्र वा आवधिक विवरणपत्र परिमार्जन गरी बोर्ड समक्ष पेस नगरेमा नियम १३ बमोजिम पेस गरिएको विवरणपत्र वा आवधिक विवरणपत्र स्वीकृतिको निवेदन रद्द हुनेछ।

३२. **<u>ऋणपत्रको सार्वजनिक प्रस्तावः</u>** (१) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले नियम ३१ बमोजिम विवरणपत्र स्वीकृत भएको मितिले बाह्र महिना भित्र ऋणपत्रको निष्काशन खुल्ला गरि सक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बाह्र महिनाभित्र विवरणपत्रमा कुनै परिवर्तन भएको भए त्यस्तो विवरण समावेश गरी अन्तर्राष्ट्रिय वित्तीय संस्थाले विवरणपत्र परिमार्जन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको परिमार्जित विवरणपत्रको आधारमा ऋणपत्रको निष्काशन खुल्ला गर्नु अघि अन्तर्राष्ट्रिय वित्तीय संस्थाले बोर्डलाई परिमार्जित विवरणपत्रबारे जानकारी दिई त्यस्तो विवरणपत्र सार्वजनिक गर्नु पर्नेछ।

(४) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले उपनियम (१) बमोजिम जारी गरिने ऋणपत्र सम्बन्धी सम्पूर्ण जानकारी सार्वजनिक घोषणाद्वारा प्रदान गर्नु पर्नेछ।

(५) यस नियममा जुनसुकै विषय लेखिएको भए तापनि उपनियम (१) बमोजिम संस्थागत लगानीकर्ताहरूलाई मात्र ऋणपत्र प्रस्ताव गरी जारी गर्न चाहने अन्तर्राष्ट्रिय वित्तीय संस्थाले नियम ३१ बमोजिम स्वीकृत भएको विवरणपत्र प्रकाशन गर्न सक्नेछ र संस्थागत लगानीकर्ताहरूलाई ऋणपत्र बाँडफाँड गरेको मितिले सात कार्य दिन भित्र उपनियम (२) बमोजिमको विवरण बोर्डलाई जानकारी गराउनु पर्नेछ।

३३. **<u>सार्वजनिक निष्काशनमा ऋणपत्र ट्रष्टी सम्बन्धी व्यवस्थाः</u>** अन्तर्राष्ट्रिय वित्तीय संस्थाले सार्वजनिक निष्काशनमार्फत ऋणपत्र जारी गर्नु अघि परिच्छेद-६ बमोजिम ऋणपत्र ट्रष्टी नियुक्त गर्नु पर्नेछ।

३४. **<u>अन्तर्राष्ट्रिय वित्तीय संस्थाले सार्वजनिक निष्काशनमार्फत जारी गर्ने ऋणपत्रको आवधिक निष्काशनः</u>** (१) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले एक भन्दा बढि किस्तामा ऋणपत्र प्रस्ताव गरी सार्वजनिक निष्काशनमार्फत जारी गर्न सक्नेछ ।

(२) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले एक भन्दा बढी पटक ऋणपत्र जारी गर्ने भएमा नियम ३१ बमोजिम बोर्डबाट आवधिक विवरणपत्र प्रकाशनको लागी स्वीकृति लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम स्वीकृत भएको आवधिक विविरणपत्र स्वीकृत भएको मितिले बढीमा तीन वर्षका लागि मान्य रहनेछ ।

(४) उपनियम (१) बमोजिम ऋणपत्र जारी गर्दा प्रत्येक पटकका लागी ऋणपत्र जारीगर्नु अघि अन्तर्राष्ट्रिय वित्तीय संस्थाले देहायको विवरण तथा कागजात संलग्न गरी कम्तिमा पन्ध्र कार्य दिन अघि बोर्डमा आवधिक विवरण बुझाउनु पर्नेछः-

(क) अघिल्लो पटक जारी गरेको ऋणपत्रबाट उठेको रकमको उपयोगको विवरण,

(ख) बोर्डबाट स्वीकृत भएको आवधिक विविरणपत्रमा उल्लिखित विवरणहरूमा कुनै परिवर्तन भएमा सो सम्बन्धी विवरण ।

(५) उपनियम (४) बमोजिमको विवरण ऋणपत्र जारी गर्नु अघि सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

३५. **<u>विदेशी लगानीको लागि चाहिने स्वीकृतिः</u>** **(१)** यस परिच्छेद बमोजिम जारी गरिएको ऋणपत्र खरिद गर्न चाहने कुनै विदेशी लगानीकर्ताले प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृति प्राप्त गरेको हुनुपर्नेछ।

(२) यस परिच्छेद बमोजिम ऋणपत्र जारी गरी संकलन गरिएको रकम नेपालमा लगानी गर्नुपर्नेछ।

३६. **ऋणपत्रको सूचीकरण तथा कारोबार:** (१) यस परिच्छेद बमोजिम अन्तर्राष्ट्रिय वित्तीय संस्थाले जारी गरेका ऋणपत्र सूचीकरण गर्ने वा नगर्ने सम्बन्धी व्यवस्था परिपत्र विवरण वा विवरणपत्र वा आवधिक विवरणपत्रमा उल्लेख गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम जारी गरिएको ऋणपत्र सूचीकरण गर्न चाहने अन्तर्राष्ट्रिय वित्तीय संस्थाले धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम सम्बन्धित धितोपत्र बजारमा सूचीकरण गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सूचीकरण हुने ऋणपत्रको अभौतिकीकरणसम्बन्धी प्रक्रिया धितोपत्रको प्रचलित कानून बमोजिम हुनेछ।

३७. **वार्षिक प्रतिवेदन तथा जानकारी सम्बन्धी व्यवस्था:** (१) यस परिच्छेद बमोजिम ऋणपत्र जारी गर्ने अन्तर्राष्ट्रिय वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण समावेश भएको वार्षिक प्रतिवेदन बोर्डलाई आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र पेस गर्नु पर्नेछ ।

(२) अन्तर्राष्ट्रिय वित्तीय संस्थाले जारी गरेको ऋणपत्रको बजार मूल्यमा सारभुत रूपमा प्रभाव हुने कुनै घटना वा कारोबार भएमा सो सम्बन्धमा बोर्डलाई तुरून्तै वा त्यस्तो घटना वा कारोवार भएको चौबीस घण्टा भित्रमा जानकारी दिनुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको विवरण लगानीकर्ताको जानकारीको लागि सम्बन्धित अन्तर्राष्ट्रिय वित्तीय संस्थाको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

परिच्छेद-८

विविध

३८. **गाभिने जानकारी:** (१) यस नियमावली बमोजिम ऋणपत्र दर्ता गरेका सङ्गठित संस्थाहरू गाभिएमा त्यसरी गाभिँदा कुनै एक सङ्गठित संस्थाको नाम कायम भएमा वा नयाँ नाम कायम हुन आएमा त्यस्तो सङ्गठित संस्थाले देहायका कागजात संलग्न राखी गाभिएको सूचना बोर्डलाई दिनुपर्नेछ:-

(क) सङ्गठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा कुनै संशोधन भएको भए त्यस्तो संशोधन,

(ख) गाभिने सङ्गठित संस्थाका साधारण सभाको निर्णयको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिमको लिखित सूचना पेस भएको सात कार्य दिनभित्र बोर्डले दर्ता किताबमा कायम हुन आएको नाम वा परिवर्तित नाममा सङ्गठित संस्थाको ऋणपत्र दर्ता गरी गाभिए पश्चात कायम हुन गएको नाममा ऋणपत्र दर्ता प्रमाणपत्र दिनेछ ।

(३) सङ्गठित संस्थाहरूले एक आपसमा गाभिनुअघि जारी गरेका ऋणपत्रको प्रकृति गाभिएपछि पनि एउटै रहनेछ ।

३९. **<u>विदेशी मुलुकको पूँजीबजारमा ऋणपत्र जारी गर्न सक्ने:</u>** (१) सङ्गठित संस्थाले बोर्ड तथा नेपाल राष्ट्र बैङ्कको स्वीकृति लिई विदेशी मुद्रामा विदेशी मुलुकको पूँजीबजारमा ऋणपत्र निष्काशन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणपत्र निष्काशन गरी प्राप्त हुने रकम नेपालमा लगानी गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सङ्गठित संस्थाले विदेशी मुलुकको पूँजीबजारमा ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात बोर्डलाई सोको विवरण उपलब्ध गराउनु पर्नेछ।

४०. **<u>अन्य ऋणपत्र सम्बन्धी व्यवस्था</u>**ः (१) सङ्गठित संस्थाले बोर्डबाट स्वीकृति प्राप्त गरी हरित ऋणपत्र, सामाजिक ऋणपत्र, दिगो ऋणपत्र लगायतका अन्य विषयगत ऋणपत्र निष्काशन गर्न सक्नेछ ।

(२) बोर्डले तोकेका अवस्थाहरू पुरा नगरेसम्म उपनियम (१) बमोजिमको निश्चित नामका विषयगत ऋणपत्र जारी गर्न सकिने छैन।

४१. **<u>ऋणपत्रको अंकित मूल्य:</u>** यस नियमावली बमोजिम जारी गरिने ऋणपत्रको अंकित मूल्य न्यूनतम एक हजार रूपैयाँ हुनेछ। तर, नियम ३९ बमोजिम विदेशी मुलुकको पूँजीबजारमा निष्काशन गरिने ऋणपत्रको हकमा यो व्यवस्था लागू हुने छैन।

४२. **<u>रिपर्चेज एग्रीमेण्टको लागी ऋणपत्र प्रयोग गर्न सकिने:</u>** प्रचलित कानूनको अधिनमा रहि रिपर्चेज एग्रीमेण्टको लागि ऋणपत्र प्रयोग गर्न सकिनेछ।

४३. **<u>अनूसुचीमा हेरफेर वा थपघट</u>**ः बोर्डले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

४४. **<u>खारेजी र बचाउ</u>**ः (१) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को परिच्छेद ८ खारेज गरिएको छ ।

(२) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऋणपत्र सम्बन्धी व्यवस्थाहरू यसै नियमावली बमोजिम हुनेछन्।

(३) उपनियम (१) बमोजिम खारेज गरिएको परिच्छेद ४ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम ऋणपत्रसम्बन्धी भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(नियम ४ को उपनियम (१), नियम ८ को उपनियम (१), नियम २७ को उपनियम (१) र नियम २८ को उपनियम (१) सँग सम्बन्धित)

<u>ऋणपत्र दर्ता गर्न बुझाउने निवेदन</u>

श्री नेपाल धितोपत्र बोर्ड,

विषयः ऋणपत्र दर्ता गरी पाउँ ।

महोदय,

.... ऐन बमोजिम स्थापित .... को देहाय बमोजिमको ऋणपत्र दर्ता गरी सोको प्रमाणपत्र प्राप्त गर्नको लागि रू.......................दस्तुर बुझाएको बैङ्क भौचर संलग्न गरी यो निवेदन पेस गरेको छु / गरेका छौं ।

१. सङ्गठित संस्था सम्बन्धी संक्षिप्त विवरणः

(क) सङ्गठित संस्थाको नामः

(ख) ठेगानाः

(ग) अन्य सम्पर्क विवरणः

टेलिफोन नं .... फ्याक्स.....................................
इमेल... वेभ साईट..................................

(घ) विदेशी संस्था संस्थापक भएमा त्यस्तो सङ्गठित संस्थाको नाम र ठेगानाः

(ङ) सङ्गठित संस्था दर्ता मितिः

(च) कारोबार सञ्चालन अनुमति प्राप्त मितिः

(छ) कारोबार सञ्चालन मितिः

२. संस्थापक र निजहरूको पृष्ठभूमि सम्बन्धी विवरणः

(क) संस्थापकहरूको नाम, ठेगाना र निजहरूले लिएको शेयर सङ्ख्या र प्रतिशतः

(ख) संस्था संस्थापक भएकोमा उक्त संस्थाको तर्फबाट मनोनीत सञ्चालकको नाम, ठेगानाः

(ग) संस्थापकहरूको उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव, पेशा आदि खुलेको विवरणः

(घ) संस्था संस्थापक भएको खण्डमा उक्त संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन आर्थिक वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधि भरको प्रमुख वित्तीय परिसूचक सहितको विवरण:

३. सङ्गठित संस्थाको पूँजी संरचना

(क) अधिकृत पूँजीः .... शेयर प्रति एकाई मूल्य ....दरले जम्मा रू..........

(ख) जारी पूँजीः .... शेयर प्रति एकाई मूल्य ....दरले जम्मा रू..........

(ग) चुक्ता पूँजीः .... शेयर प्रति एकाई मूल्य ....दरले जम्मा रू..........

(घ) संस्थापकहरूले चुक्ता गरेको पूँजीः

(ङ) निष्काशन गर्न बाँकी रहेको शेयर पूँजीः

(च) हाल कायम रहेका शेयरधनीको संख्याः

४. दर्ता गर्ने ऋणपत्र सम्बन्धी विवरण

(क) ऋणपत्रको किसिमः

(ख) निष्काशन गरिने ऋणपत्रः

- संख्याः
- रकमः

(ग) निष्काशनको किसिमः

(घ) लगानीकर्ताको प्रकारः

(ङ) निष्काशन गरिने मितिः

५. पहिले निष्काशन गरेको ऋणपत्र सम्बन्धी विवरणः

६. व्यवस्थापन सम्बन्धी विवरणः

(क) सञ्चालकहरूको नाम, ठेगाना र ग्रहण गरेको शेयर स्वामित्वः

(ख) सञ्चालक समितिको संरचना

(ग) व्यवस्थापनको मुख्य जिम्मेवारी लिने कार्यकारी प्रमुख तथा मुख्य विभागिय प्रमुखहरूको नाम, ठेगाना, योग्यता तथा अनुभव

७. स्वघोषणाः

आजका मितिसम्म माथि उल्लिखित जानकारी तथा विवरणहरूको सत्यता सम्बन्धमा म व्यक्तिगत रूपमा पूर्ण उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की यस निवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन्न कुनै विवरण, सूचना तथा जानकारी जानी जानी लुकाइएको छैन ।

ऋणपत्र जारी गर्ने सङ्गठित संस्थाको सञ्चालकहरूको हस्ताक्षर प्रदान गर्नुहोस्।)

सङ्गठित संस्थाको अख्तियार प्राप्त व्यक्तिको,

नामः

दस्तखतः

पदः

मितिः

संस्थाको छापः

अनुसूची-२

(नियम ४ को उपनियम (२), नियम ८ को उपनियम (२), नियम ९ को उपनियम (१), नियम १३ को उपनियम (३), नियम २७ को उपनियम (१), नियम २८ को उपनियम (२) र (३) र नियम ३० को उपनियम (२) सँग सम्बन्धित)

निवेदन तथा अन्य दस्तुरहरू

१. निवेदन दस्तुरः रू. २०,०००/-

२. ऋणपत्र दर्ता दस्तुरः

ऋणपत्रको रकम (रू.)	दर्ता मूल्यको
१० अर्वसम्म	०.१५ प्रतिशत
१० अर्वदेखि माथि २० अर्बसम्म	०.१२ प्रतिशत
२० अर्वदेखि माथि	०.१० प्रतिशत

३. विवरणपत्र/ आवधिक विवरणपत्रको प्रशोधन दस्तुरः रू. २५,०००/-

नोटः

(क) ऋणपत्र दर्ता गर्दाको कुल ऋणपत्रको रकम र निष्काशन गर्दा कूल निष्काशित ऋणपत्रको रकम फरक पर्ने अवस्था भएमा यसरी फरक पर्न गएको रकममा माथि उल्लिखित अनुसारको प्रतिशतका दरले हुन आउने रकम बोर्डमा थप शुल्कको रूपमा बुझाउनु पर्नेछ।

(ख) नियमावलीको व्यवस्था बमोजिम ऋणपत्र जारी गर्ने अन्तराष्ट्रिय वित्तीय संस्थाहरूलाई समेत माथि उल्लिखित दस्तुरहरू लागु हुनेछ।

अनुसूची-३

(नियम ४ को उपनियम (३), नियम ९ को उपनियम (३), नियम २७ को उपनियम (२) र नियम २८ को उपनियम (४) सँग सम्बन्धित)

ऋणपत्र दर्ता किताब

१. सङ्गठित संस्थाको नामः

२. रजिष्टर्ड ठेगानाः

३. सङ्गठित संस्थाको दर्ता र कारोबार सञ्चालन मितिः

४. सङ्गठित संस्थाको उद्देश्यः

५. व्यवसायको किसिमः

६. अधिकृत पूँजीः .... शेयर प्रति एकाई मूल्य .... दरले जम्मा रू..................

७. जारीः .... शेयर प्रति एकाई मूल्य .... दरले जम्मा रू....................

८. चुक्ता पूँजीः.................. शेयर प्रति एकाई मुल्य .... दरले जम्मा रू..............

९. अग्राधिकार शेयर संरचना .... शेयर प्रति एकाई मूल्य .... दरले जम्मा रू.......

१०. ऋणपत्र .... प्रति एकाई मूल्य .... दरले जम्मा रू................

११. संस्थापक र सञ्चालक सम्बन्धी विवरणः

नामः ठेगानाः

लिएको शेयर सङ्ख्या र प्रतिशतः

१२. दर्ता गर्ने ऋणपत्र सम्बन्धी विवरणः

(क) ऋणपत्रको किसिमः

(ख) निष्काशन गरिने ऋणपत्रः

- संख्याः
- रकमः

(ग) निष्काशनको किसिमः

(घ) लगानीकर्ताको प्रकारः

(ङ) निष्काशन गरिने मिति / निष्काशन गरेको मितिः

१३. पहिले निष्काशन गरेको ऋणपत्र सम्बन्धी विवरणः

अनुसूची-४

(नियम ४ को उपनियम (३), नियम ९ को उपनियम (३), नियम २७ को उपनियम (२) र नियम २८ को उपनियम (५) सँग सम्बन्धित)

ऋणपत्र दर्ता प्रमाणपत्र

.... रजिष्टर्ड कार्यालय रहेको .... ले निष्काशन गरेको वा गर्न लागेको ऋणपत्रको क्रम सङ्ख्या .... देखि .... सम्मको रू............... (प्रति एकाई मूल्य) का दरले कुल .... सङ्ख्याको ऋणपत्र बोर्डमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

बोर्डको छापः

प्रमाणपत्र प्रदान गर्ने पदाधिकारीकोः

नामः.......................................

दस्तखतः..................................

पदः..

मितिः......................................

अनुसूची-५

(नियम ५ को उपनियम (४) सँग सम्बन्धित)

<u>परिपत्र विवरण</u>

भाग क <u>संक्षिप्त विवरण</u>

१. संक्षिप्त विवरण

क. सङ्गठित संस्थाको नाम,

ख. ऋणपत्र ट्रष्टीको नाम,

ग. सङ्गठित संस्थाले बहन गरेका मुख्य शर्तहरू लगायत ऋणपत्रको शर्त तथा बन्देजहरू,

घ. ऋणपत्र सम्बन्धी जमानीकर्ताको नाम लगायत सुरक्षण वा जमानतको विवरणहरू,

ङ. यस नियमवाली अन्तर्गत परिपत्र विधिमार्फत ऋणपत्र जारी गरिएको र प्रचलित कानुन बमोजिमको योग्यता नपुगेको लगानीकर्तालाई उक्त ऋणपत्र हस्तान्तरण गर्न नसकिने र त्यस्तो लगानीकर्ताले धारण गर्न नसकिने भन्ने व्यहोरा,

च. ऋणपत्र जारी गरी प्राप्त रकमको उपयोग,

छ. जारी गरिने ऋणपत्रको प्रस्तावित कुल मूल्य,

ज. भुक्तानी अवधि र कुपन (कुपन दर, भुक्तानी मिति तथा भविष्यमा भुक्तान हुने कुपन बुझ्न आवश्यक अन्य जानकारी समेत) निर्धारण गरेको भएमा सो विवरणहरू र उल्लिखित विवरणहरू मध्ये कुनै विवरण निर्धारण नभएको अवस्थामा ऋणपत्र जारी गर्नुअघि त्यस्तो विवरण निर्धारण गर्ने विधि र कसरी लगानीकर्ताहरूलाई जानकारी गराइन्छ भन्ने सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ,

झ. ऋणपत्र फिर्ता माग गर्न सकिने र ऋणपत्र फिर्ता लिन पाउने सम्बन्धि शर्तहरू,

२. प्रस्ताव गरिएको ऋणपत्रको कुल रकम र समयतालिका

प्रस्तावित ऋणपत्रको नाम	[.]
ऋणपत्रको कुल मूल्य	[.]
प्रस्तावित मूल्य	[.] प्रति कित्ता [.] अंकित मूल्य
न्यूनतम लगानी रकम (न्यूनतम मूल्य)	[.]

जारी गर्ने प्रस्तावित मिति	[.]
प्रस्तावित राफसाफ मिति	[.]
प्रस्तावित बाँडफाँड मिति	[.]

भाग ख <u>प्रस्ताव सम्बन्धी विवरण</u>

१. परिपत्र विधिमार्फत ऋणपत्र जारी गर्दा लागु हुने शर्त तथा बन्देजहरू

क. ऋणपत्र अभौतिकिकरण गरिने वा नगरिने,

ख. सम्पूर्ण बन्देजहरू, वित्तीय शर्तहरू तथा सङ्गठित संस्थाले आवधिक र आवश्यक्ता अनुसार निरन्तर जानकारी दिनपर्ने सम्बन्धि प्रतिबद्धता लगायत सम्पूर्ण शर्तहरू,

ग. साँवा (भुक्तानी मिति र भुक्तान गर्नुपर्ने रकम समेत) निर्धारण गरेको भएमा सो विवरण,

घ. कुपन (भुक्तानी मिति, कुपन दर, गणनाको आधार, कूपन छुट सम्बन्धी विवरण, विलम्ब गरी भुक्तान गरेको अवस्थामा सञ्चय हुने वा नहुने आदि) निर्धारण गरेको भएमा सो विवरण,

ङ. अन्तिम रूपमा भुक्तान हुने सम्बन्धि जानकारी लगायत ऋणपत्र फिर्ता माग गर्न सकिने र ऋणपत्र फिर्ता लिन पाउने सम्बन्धि व्यवस्थाहरू, त्यसरी ऋणपत्र फिर्ता माग गर्दा वा लिँदा पुरा गर्नुपर्ने प्रकृया र त्यसरी फिर्ता माग गर्दा वा लिँदा फिर्ता गर्नुपर्ने रकम गणना गर्ने विधि। तर उल्लिखित विवरणहरू मध्ये कुनै विवरण निर्धारण नभएको अवस्थामा ऋणपत्र जारी गर्नुअघि त्यस्तो विवरण निर्धारण गर्ने विधि र कसरी लगानीकर्ताहरूलाई जानकारी गराइन्छ भन्ने सम्बन्धमा उल्लेख गर्नुपर्नेछ,

च. कुपन र साँवा लगायत पेनल ब्याज र अन्य शुल्कहरू भुक्तानी गर्ने प्रक्रिया सहित,

छ. ऋणपत्र ट्रस्टी सम्झौतामा उल्लिखित सम्पूर्ण शर्त उल्लङ्घन हुने अवस्था (इभेन्ट अफ डिफल्ट) को पूर्ण विवरण लगायत शर्त उल्लङ्घन हुने अवस्था (इभेन्ट अफ डिफल्ट),

ज. ऋणपत्र ट्रस्टी वा सङ्गठित संस्था वा लगानीकर्ताहरूको अधिकारको सीमा र ऋणपत्र ट्रस्टीको दायित्वको सीमा।

२. मुल्य, खरिद र हस्तान्तरण प्रक्रिया

क. कुपन दर निर्धारण गर्ने प्रक्रियाको विवरण,

ख. प्रस्ताव खुला रहने समयावधि र खरिद आवेदन दिने प्रकृया लगायत खरिद प्रक्रियाको विवरण,

ग. लगानीकर्ताहरूलाई ऋणपत्र हस्तान्तरण गर्ने तरिका।

३. सूचीकरण

धितोपत्र बजार र/वा ओ. टि. सी. बजारमा प्रस्ताव गरिएको ऋणपत्र सूचीकरण हुने वा सार्वजनिक कारोबार हुने भएमा त्यस्तो सम्पूर्ण धितोपत्र बजार र/वा ओ. टि. सी. बजारको विवरण खुलाउने।

४. जोखिम

सङ्गठित संस्थाले लगानीकर्तालाई गर्नुपर्ने भुक्तानीको शर्त उल्लङ्घन हुने जोखिम सारभूत रूपमा बढ्ने विषयको सम्बन्धमा सङ्गठित संस्था वा सङ्गठित संस्थाको सल्लाहकारहरूलाई थाहा भएसम्मको विवरण ।

भाग ग सङ्गठित संस्थाको विवरण

१. सङ्गठित संस्थाको कानूनी नाम,

२. सङ्गठित संस्थाको रजिस्टर्ड कार्यालय रहेको ठेगाना, वेबसाइट ठगाना र व्यवसाय गर्ने ठेगाना,

३. पछिल्लो तीन आर्थिक वर्षको लेखा परिक्षण विवरणको प्रतिलिपि वा सो को लिङ्क,

४. ऋणपत्रको सम्बन्धमा सुरक्षण वा जमानतको सम्पूर्ण विवरण,

५. परिपत्र विवरणको मिति भन्दा १२ महिना अघिको अवधि सम्म सङ्गठित संस्थाको वित्तीय स्थिति वा नाफामा उल्लेखनीय प्रभाव पारेको वा पार्न सक्ने दामासाही वा खारेजी वा यस्तै कुनै प्रकृया लगायत सम्पूर्ण कानूनी वा मध्यस्थता प्रकृया सम्बन्धि विवरण ।

भाग घ स्वघोषणा

परिपत्र विवरण प्रचलित कानुनी व्यवस्थाको अधिनमा रही तयार गरिएको भन्ने निष्काशन तथा बिक्री प्रबन्धकले गरेको स्वघोषणा लगायत यसमा उल्लिखित विवरणहरू पूर्ण र सही भएको विषयमा सञ्चालकहरू जवाफदेही हुने व्यहोरा।

भाग ङ दस्तखत

ऋणपत्र जारी गर्ने सङ्गठित संस्थाको सम्पूर्ण सञ्चालकहरूको हस्ताक्षर।

अनुसूची-६

(नियम १३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

विवरणपत्र स्वीकृतिको लागि बुझाउने निवेदन

श्री नेपाल धितोपत्र बोर्ड,

विषयः विवरणपत्र स्वीकृत गरी पाउँ ।

यस .... ले अंकित मुल्य ....को ....(ऋणपत्रको नाम) .... कित्ता सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको विवरणपत्र तथा अन्य कागजातहरूका साथै विवरणपत्र प्रशोधन वापतको रू. २५,०००।— (पच्चीस हजार) बोर्डको खातामा जम्मा गरेको प्रमाण संलग्न गरी विवरणपत्र स्वीकृतिको लागि यो निवेदन पेस गरेको छु ।

सङ्गठित संस्थाको अख्तियार प्राप्त व्यक्तिको,

नामः

दस्तखतः

पदः

मितिः

संस्थाको छापः

अनुसूची-७

(नियम १३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

विवरणपत्र वा आवधिक विवरणपत्र

(क) विवरणपत्रको पहिलो पृष्ठमा उल्लेख हुनुपर्ने विषयहरू :

१. "विवरणपत्र" भन्ने शब्द,

२. सङ्गठित संस्थाको नाम, लोगो तथा रजिष्टर्ड कार्यालयको ठेगाना,

३. कुन ऐनको कुन दफा अन्तर्गत विवरणपत्र जारी भएको,

४. बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति,

५. कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति,

६. जारी गरिने ऋणपत्रको किसिम, जारी गरिने ऋणपत्रको सङ्ख्या र न्यूनतम लगानी रकम,

७. ऋणपत्रको शीर्षक र किसिम,

८. ऋणपत्रको अंकित मुल्य र दरखास्त साथ भुक्तानी गर्नुपर्ने रकम,

९. भुक्तानी अवधि र कुपन (कुपन दर, भुक्तानी मिति तथा भविष्यमा भुक्तान हुने कुपन बुझ्न आवश्यक अन्य जानकारी समेत) निर्धारण गरेको भएमा सो विवरणहरू र उल्लिखित विवरणहरू मध्ये कुनै विवरण निर्धारण नभएको अवस्थामा ऋणपत्र जारी गर्नुअघि त्यस्तो विवरण निर्धारण गर्ने विधि र कसरी लगानीकर्ताहरूलाई जानकारी गराइन्छ भन्ने सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ,

१०. क्रेडिट रेटिङ सम्बन्धी विवरण,

११. ऋणपत्र र सङ्गठित संस्थाको शर्त बन्देजहरूको विवरण,

१२. ऋणपत्र फिर्ता हुने र अन्त्य हुने अवस्था,

१३. लगानीमा हुन जोखिम सम्बन्धी उद्घोषणा,

१४. नियामक निकायको जवाफदेहिता नरहने उद्धघोषण,

१५. निष्काशन खुल्ला हुने मिति,

१६. निष्काशन बन्द हुने मिति (छिटो र ढिलोमा),

१७. निष्काशन तथा बिक्री प्रबन्धक तथा जारी गर्ने सम्बन्धमा नियुक्त गरेको सल्लाहकारको नाम, ठेगाना, लोगो,

१८. लेखा परिक्षकको विवरण,

१९. ऋणपत्र ट्रष्टीको विवरण,

१९. नेटवर्थ सम्बन्धी विवरण

(ख) विवरणपत्र/आवधिक विवरणपत्रको पहिलो पृष्ठ पछिको भागमा क्रमश उल्लेख हुनुपर्ने विषयहरू :

१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा,

२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान,

(ग) विवरणपत्र/आवधिक विवरणपत्रमा खण्ड (ख) उल्लेख गरे पछि क्रमश देहाय बमोजिमका विवरण हुनुपर्नेः

१. निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

२. सङ्गठित संस्थाको उद्घोषण

(क) सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी,

(ख) सङ्गठित संस्थाको जवाफदेहीता सम्बन्धी,

(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी,

(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण

३. सङ्गठित संस्था सम्बन्धी जानकारी

(क) सङ्गठित संस्थाको पृष्ठभूमि,

(ख) सम्पत्तिको विवरण,

(ग) भावी योजना तथा रणनीति

(घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था,

४. पूँजी संरचना सम्बन्धी जानकारी,

५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी

(क) संस्थापक/सञ्चालकको पृष्ठभूमि,

(ख) संस्थापक/सञ्चालकसँगको कारोबार

६. सीमित दायित्व सम्बन्धी विवरण

७. सङ्गठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी,

(क) सङ्गठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरू सम्बन्धी विवरण,

(ख) सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण

८. अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

९. वित्तीय विवरण

(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण

(ख) वित्तीय अनुपात सम्बन्धी विवरण

१०. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण

११. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण

१२. ऋणपत्रको पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण

१३. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण

१४. आयोजना सम्पन्न गर्नको लागि ऋणपत्रको सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरू प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण

१५. मुद्दा तथा विवाद सम्बन्धी विवरण

१६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

१७. नगद नलिई कसैलाई ऋणपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको ऋणपत्रको सङ्ख्या र दर सम्बन्धी विवरण,

१८. ऋणपत्र निष्काशन सम्बन्धी विवरण,

(क) कुनै सङ्गठित संस्थाले ऋणपत्र जारी गर्ने भएमा त्यस्तो ऋणपत्र निष्काशनको शर्त बन्देजहरू, ऋणपत्रको अवधि, निष्काशन गरिने ऋणपत्रको रकम, कुपन दर, ऋणपत्र भुक्तानीजगेडा कोष सम्बन्धी व्यवस्था, ऋणपत्रधनीहरूको अधिकार,

(ख) अन्तिम रुपरूपमा भुक्तान हुने सम्बन्धि जानकारी लगायत ऋणपत्र फिर्ता माग गर्न सकिने र ऋणपत्र फिर्ता लिन पाउने सम्बन्धि व्यवस्थाहरू, त्यसरी ऋणपत्र फर्ता माग गर्दा वा लिँदा पुरा गर्नुपर्ने प्रकृया र त्यसरी फिरता माग गर्दा वा लिँदा फर्ता गर्नुपर्ने रकम गणना गर्ने विधि। तर उल्लिखित विवरणहरू मध्ये कुनै विवरण निर्धारण नभएको

अवस्थामा ऋणपत्र जारी गर्नुअघि त्यस्तो विवरण निर्धारण गर्ने विधि र कसरी लगानीकर्ताहरूलाई जानकारी गराइन्छ भन्ने सम्बन्धमा उल्लेख गर्नुपर्नेछ,

(ग) सङ्गठित संस्थाको सम्पत्तिमा ऋणपत्रधनीको हक सम्बन्धी विवरण,

(घ) ऋणपत्र ट्रष्टिको नाम, ठेगाना तथा निज र ऋणपत्र ट्रष्टि सम्झौताको प्रमुख शर्तहरू,

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य र सम्पन्न हुने कार्य योजना,

(च) जारी पूँजी पुरा चुक्ता भए/नभएको।

१९. अन्य सामान्य जानकारी

२०. सञ्चालक तथा प्रमुख कार्यकारी अधिकारी वा प्रबन्ध निर्देशकको नाम तथा दस्तखत

२१. निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (डयु डेलिजेन्स सर्टिफिकेट) को प्रति

२२. विवरणपत्र, आवधिक विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै विषयमा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र।

अनुसूची-८

(नियम १५ को उपनियम (३) सँग सम्बन्धित)

आव्हानपत्र

१. बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति र स्वीकृत विवरणपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति,

२. ऋणपत्र बिक्री खुल्ला हुने मिति,

३. ऋणपत्रको प्रति एकाई मुल्य र तत्काल बुझाउनु पर्ने पेश्की रकम,

४. ऋणपत्र बिक्री बन्द हुने मिति र सबै ऋणपत्र छिट्टै बिक्री भएमा छिटोमा बिक्री बन्द हुने मिति,

५. दरखास्त फाराम भर्ने तरीका, दरखास्त बुझाउने बैङ्क, वित्तीय संस्था र संकलन केन्द्रको नाम ठेगाना, टेलिफोन नम्बर र सम्पर्क व्यक्तिको नाम तथा निष्काशन बैङ्कको बैङ्क खाता नम्बरहरू,

६. विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्ने ठाउँ, सङ्गठित संस्थाको वित्तीय विवरण र अन्य आवश्यक कागजात हेर्न सकिने ठाउँ,

७. ऋणपत्रको लागि दरखास्त फाराम प्राप्त गर्न नसक्ने चाहने लगानीकर्ताहरूको लागि दरखास्त फारामको नमूना,

८. बोर्डबाट स्वीकृत विवरणपत्रको संक्षिप्त जानकारी हुने गरी त्यसमा उल्लेख भएका प्रमुख विषयहरू,

९. निष्काशनको क्रममा लगानीकर्ताहरूको गुनासा सुन्न तथा त्यसको समाधानका लागि गरिएको व्यवस्था,

१०. कुपन दर, कुपन भुक्तान गर्ने तालिका र कुपन दरको बेञ्चमार्क दर निर्धारण गर्ने प्रकृया,

११. ऋणपत्रको पछिल्लो क्रेडिट रेटिङ्ग ।

अनुसूची-९

(नियम १६ को उपनियम (२) सँग सम्बन्धित)

आवधिक विवरण

१. जारी गरिने ऋणपत्रको कुल मूल्य,

२. कुपन दर, कुपन भुक्तान गर्ने तालिका र कुपन दरको बेञ्चमार्क दर निर्धारण गर्ने प्रकृया,

३. ऋणपत्र समाप्त हुने अवधि,

४. ऋणपत्र बिक्री खुला रहने अवधि,

५. प्रस्तावित जारी र राफसाफ गर्ने मिति,

६. ऋणपत्रको प्राथमिकता,

७. अध्यावधिक गरिएको वित्तीय विवरण/जानकारी,

८. आवधिक परिपत्र विवरण वा आवधिक विवरणपत्रमा उल्लिखित कुनै विवरणहरूमा सारभूत परिवर्तन भएमा सो विवरण वा आवधिक परिपत्र विवरण वा आवधिक विवरणपत्रमा उल्लेख नगरिएको विवरणहरू भएमा सो विवरण,

९. सार्वजनिक निष्काशनमार्फत जारी गरिने ऋणपत्रको हकमा आवधिक विवरण प्रचलित धितपत्र कानुन बमोजिम तयार गरिएको भन्ने निष्काशन तथा बिक्री प्रबन्धकले प्रमाणित गरेको र आवधिक विवरणमा उल्लिखित विवरणहरू पूर्ण र सही भएको विषयमा सञ्चालकहरू जवाफदेही हुने भन्ने स्वःघोषणा,

१०. ऋणपत्रको पछिल्लो क्रेडिट रेटिङ्ग ।

अनुसूची-१०

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

ऋणपत्र ट्रस्टीको अनुमतिपत्र प्राप्त गर्न पेस गरिने निवेदनको ढाँचा

निवेदकको नामः

प्रमुख व्यवस्थापकीय व्यक्तिको नाम र पदः

फोन/मोबाइल न.ः

ईमेलः

निर्देशनहरुः

१. आवेदकले बोर्डमा आवश्यक कागजातहरू सहित पूर्ण रूपमा निवेदन फाराम पेस गर्नु पर्नेछ।

२. निवेदन फारामको सबै विवरणहरू भरिएको हुनुपर्छ र कुनै विवरण लागू नहुने अवस्थामा "लागू नहुने" भनी उल्लेख गर्नुपर्छ।

३. कुनै विवरण विस्तृत रूपमा समावेश गर्न आवश्यक भएमा उक्त विवरण अलग कागजातमा लेखी निवेदन फारामसँग संलग्न गर्न सकिनेछ।

४. अनुमतिपत्र प्राप्त गर्नको लागि हस्ताक्षर गरिएको सक्कल निवेदन फाराम पेस गर्नुपर्नेछ ।

भाग क सामान्य जानकारी

१. निवेदकको विवरण

(क) निवेदकको नामः

(ख) निवेदकको ठेगानाः

टेलिफोन/मोबाइल नं:
इ-मेलः

(ग) निवेदकको सम्पर्क ठेगानाः
टेलिफोन/मोबाइल नं.:
इ-मेलः

(घ) निवेदकको शाखा कार्यालयहरू (नेपालमा) भएमा सो को ठेगानाः

(ङ) निवेदकले बोर्डबाट यसअघि ट्रस्टीको कार्य सँग सम्बन्धी अनुमतिपत्र प्रदान गरेको भए सोको विवरण:

(च) निवेदक वा निवेदकको सञ्चालक(हरू) वा निवेदकको शेयरधनी(हरू) वा निवेदकको सम्बद्ध/समूह कम्पनीले नेपालको प्रचलित धितोपत्र कानून बमोजिम बोर्डमा धितोपत्र व्यवसायीको रूपमा दर्ता भएको भए सो को विवरणः

(क) कम्पनीको नामः

(ख) धितोपत्र व्यवसायीको प्रकारः

(ग) बोर्डले कुनै चेतावनी/सजायको कारबाही/अनुसन्धान/ सोधपुछ सुरू गरेको वा गर्न बाँकी रहेको भए सोको विवरणंः

(घ) निवेदक बैङ्क तथा वित्तीय संस्था भएमा नेपाल राष्ट्र बैङ्कले कुनै चेतावनी दिएको भए / कारबाही चलाएको भए सोको विवरणः

२. संस्थागत संरचना

(क) निवेदक संस्थाको उद्देश्यः

(संस्थाको उद्देश्य झल्काउने प्रवन्धपत्र/नियमावली जस्ता सम्बन्धित कागजातको उतार संलग्न गर्नुहोस्।)

(ख) संस्थापना मिति र दर्ता नं.:

(ग) कर दर्ता विवरण (स्थायी लेखा नम्बर/मु.अ.नं. र मिति):

(घ) विभिन्न स्तरको जिम्मेवारी सहितको संस्थागत संरचना सूचीः

(ङ) सम्पूर्ण सञ्चालकहरूको विवरणः
[नाम, योग्यता, अनुभव, नियुक्त भएको मिति, अन्य कम्पनीमा सञ्चालक पदमा बहाल रहेको विवरण (नाम र नियुक्ति मिति), अघिल्लो पद बहाल।]

(च) कर्मचारी संख्याः

(ऋणपत्र ट्रस्टीको गतिविधिमा संलग्न कर्मचारीहरूको छुट्टै विवरण उल्लेख गर्नुहोस्)

(छ) सम्बद्ध कम्पनीहरूको नाम र कार्यः

(नाम, ठेगाना, फोन नं., व्यवसायको प्रकार, स्वामित्व विवरण, वित्तीय लेनदेनको प्रकृति र मात्रा)

(ज) आधारभूत शेयरधनीहरूको सूची (५% वा बढी मताधिकार भएको) र तिनको शेयर अनुपातको प्रतिशतः

३. भौतिक सुविधाहरूको विवरण

(क) कार्यालय स्थलः (क्षेत्रफल र स्वामित्व विवरण उल्लेख गर्नुहोस्।)

(ख) कार्यालय उपकरणः (इलेक्ट्रोनिक उपकरण, टाईपराईटर, टेलिकम्युनिकेशन उपकरण, फर्निचर तथा अन्य संचार सुविधा आदिको विवरण)

(माथि बुँदा नं. (क) र (ख) मा उल्लेख भएका मध्ये ऋणपत्र ट्रस्टी सम्वन्धि कार्यको लागि रहेको भौतिक सुविधाहरूलाई छुट्टै उल्लेख गर्नुहोस्)

४. व्यवसाय योजना (३ वर्षको लागि):

पृष्ठभूमि, प्रमुख उपलब्धिहरू र हालको गतिविधिः

५. वित्तीय विवरणः

(क) पूँजी संरचनाः

(अ) चुक्ता पूँजीः

(आ) जगेडा कोष (पुनःमूल्याङ्कन कोष बाहेक):

(इ) जम्मा (अ)+ (आ):

(ई) ऋण (विवरण):

(उ) खुद नाफाः
(अ) साधारणः
(आ) विशेषः

(ऊ) स्रोतको परिचालनः
(अ) स्थिर सम्पत्तिः
(आ) प्लान्ट/मेशिनरी र कार्यालय उपकरणः
(इ) लगानी (छुट्टा छुट्टै विवरण उल्लेख गर्नु पर्ने):
(ई) अन्यः

६. अन्य विवरण

(क) प्रमुख बैङ्कहरूको नाम र ठेगानाः

(ख) लेखापरीक्षकको नाम र ठेगाना (लागु भए अनुसार आन्तरिक, बाह्य र कर लेखापरीक्षक):

(ग) बैंकिङसम्बन्धी कसुर वा फौजदारी कसुरमा दोषी ठहरिएको वा कालो सूचीमा परेको भए उल्लेख गर्नुहोस्:

(घ) निवेदकले कुनै उल्लेखनिय पुरस्कार वा सम्मान प्राप्त गरेको भए सो र निवेदकले प्रवाह गरेको सेवाको विरूद्ध सामुहिक गुनासोको भए सो समबन्धि विवरणः

(ङ) निवेदकले प्रदान गर्ने सेवाको प्रकृति अनुसार सान्दर्भिक मान्ने अन्य विवरणः

भाग खः व्यवसाय सम्बन्धी विवरण

१. व्यवसायिक विवरण

(क) प्रस्तावित व्यवसायको विवरणः

(ख) मुख्य कर्मचारीहरूको विवरणः

(अ) नाम

(आ) जिम्मेवारी

(ई) अनुभव

(ग) लगानीकर्ताको गुनासो समाधानको लागि विद्यमान/प्रस्तावित प्रक्रियाः

(प्राप्त गुनासोको सङ्ख्या र प्रकार, कम्पनी सँगको वार्ता, गुनासो समाधान गर्दा लाग्ने औसत समय र गुनासोको व्यवस्थापन सम्बन्धी सम्पूर्ण प्रणालीको विवरण।)

(घ) ऋणपत्र ट्रस्टी गतिविधिमा कार्यानुभव भएका कर्मचारीहरूको विवरणः

२. अनुभव

(क) ऋणपत्र ट्रस्टीको रूपमा अनुभवः
(ऋणपत्र ट्रस्टीको रूपमा प्रतिनिधत्व गरेको सङ्गठित संस्थाको नाम, ऋणपत्र जारी विवरण, ऋणपत्र जारी सङ्ख्या, ऋणपत्र ट्रस्टी सम्झौता मिति, प्राप्त शुल्क)

(ख) निवेदकले ऋणपत्र ट्रस्टी पदबाट राजीनामा दिएको वा मुक्त गराईएको अवस्थामा सो को कारणहरू सहित सम्पूर्ण विवरण उल्लेख गर्नुहोस् ।

(ग) निवेदकले उत्तराधिकारी नियुक्त हुनु अघि नै पदबाट राजीनामा दिएको वा मुक्त गराईएको भए सो को कारण र सम्पूर्ण विवरण दिनुहोस्।

(घ) ऋण सुरक्षणको सन्दर्भमा निवेदकले ऋणपत्र ट्रस्टीको रूपमा कार्य गर्दा निर्धारित समयभित्र सुरक्षण सृर्जना गराएको सुनिश्चित गरेको छ वा छैन।

(ङ) निवेदकले यसअघि ऋणपत्र जारी गर्ने सङ्गठित संस्थाको सञ्चालकहरूको नियुक्ती गरेको छ वा छैन।

उद्घोषण

(यस उद्घोषण संस्थाको प्रमुख व्यवस्थापकीय अधिकृतले हस्ताक्षर गर्नुपर्नेछ)

म/हामीले ऋणपत्र ट्रस्टीको अनुमतिपत्र प्राप्त गर्नको लागि बोर्डमा यस निवेदन फाराम पेस गर्दछु/छौं। म/हामी प्रचलित कानून बमोजिम आफ्नो/हाम्रो कर्तव्य पालना गर्ने प्रतिवद्धता गर्दछौं/गर्दछु।

म/हामीले यस फाराममा सबै प्रश्नहरूको सत्य र पूर्ण उत्तर दिएको तथा अनुमतिपत्र प्राप्त गर्नको लागि आवश्यक सम्पूर्ण जानकारी उल्लेख गरेको स्वघोषणा गर्दछु/छौं र अनुमतिपत्र प्राप्त गर्ने प्रकृयाको अवधिमा वा प्राप्त भएपछि यस फाराममा लेखिएको जानकारीमा कुनै परिवर्तन भएमा उक्त परिमार्जन बारे रहेको जानकारी बोर्डलाई तुरून्त राउनेछु/छौं।

म/हामीले बोर्डलाई भ्रमित गरेमा वा भ्रमित गर्ने प्रयास गरेमा प्रचलित कानूनबमोजिम हुने विषय बझेको छु/ छौं ।

म/हामी उपरोक्त जानकारी र निवेदन फाराममा उल्लेख गरिएका विवरण सत्य, पूर्ण र सही भएको प्रमाणित गर्दछु/छौं।

म/हामी निम्न उद्घोषण गर्दछु/छौंः

(क) निवेदक सङ्गठित संस्था, यसका सञ्चालक वा प्रमुख व्यवस्थापकीय अधिकृतहरू कुनै पनि आपराधिक कसुर, बैंकिङ तथा वितिय कसुरमा सजाय नपाएको र कालो सूचीमा समावेश भएको छैन।

(ख) निवेदकसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित कुनै पनि व्यक्तिले ऋणपत्र ट्रस्टीको रूपमा कार्य गर्न बोर्डमा निवेदन दिएको वा बोर्डबाट अनुमतिपत्र प्राप्त गरेको छैन।

निवेदकको तर्फबाटः

……………………………………..
निवेदकको नामः
मितिः

अनुसूची-११

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

<u>ऋणपत्र ट्रस्टीको अनुमतिपत्र प्राप्त गर्दा लाग्ने शुल्क</u>

१. प्रत्येक ऋणपत्र ट्रस्टीले अनुमतिपत्र प्राप्त गर्न रू. दश लाख दस्तुर भुक्तानी गर्नु पर्नेछ।

२. खण्ड १ मा उल्लेख भए अनुसारको दस्तुर आवेदकले ऋणपत्र ट्रस्टीको अनुमतिपत्रको लागि बोर्डमा समक्ष निवेदन पेस गर्दाको बखत भुक्तानी गर्नु पर्नेछ।

३. ऋणपत्र ट्रस्टीले खण्ड १ मा उल्लेख भए अनुसारको दस्तुर बोर्डले तोके बमोजिमको बैङ्क खातामा भुक्तान गर्नु पर्नेछ र निवेदकले अनुमतिपत्रको निवेदनसँगै भुक्तानी गरेको प्रमाण समेत बोर्डमा पेस गर्नु पर्नेछ।

अनुसूची-१२

(नियम २० को उपनियम (३) सँग सम्बन्धित)

ऋणपत्र ट्रस्टीको अनुमतिपत्रको ढाँचा

नेपालको प्रचलित धितोपत्र सम्बन्धी कानूनद्वारा प्रदत्त अधिकार प्रयोग गरी बोर्डले तोकेको शर्तहरू पालना गर्ने शर्तमा दर्ता नं. [.] रहेको ऋणपत्र ट्रस्टीको अनुमतिपत्र प्रदान गरेको छ।

यो अनुमतिपत्र बोर्डद्वारा रद्द वा निलम्बन नगरेसम्म मान्य हुनेछ।

....
आधिकारिक व्यक्तिको हस्ताक्षरः
पदः
नेपाल धितोपत्र बोर्ड
मितिः